सिकाई क्षेत्र :
## सामाजिक व्यवहार र मूल्य मान्यता

# सामाजिक न्याय र सद्भाव



## तह २

**नेपाल सरकार**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र

# हाम्रो भनाई

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमापर्स्त व्यवस्थित गर्दै लैजानु जरूरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रुपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ्य जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारूलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझसव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरु, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

तनाब भनेको मानसिक दबाव हो । हाम्रो काम, करियर, भविष्य सबैले यस किसिमको दबाव पैदा गर्छन् । जबसम्म हाम्रो चेतना रहन्छ, तबसम्म तनाब हुन्छ । तनाब हुँदैमा त्यसले आफूलाई नष्ट गर्छ त ? तनाबले त्यसबेला मात्र हामीलाई पिरोल्छ, जब यसको सही व्यवस्थापन गर्न सकिँदैन । तनाब व्यवस्थापन गर्ने कुरा हो । यो निर्मूल हुने कुरा होइन । अर्थात् हाम्रो जीवनमा तनाब नै आउन नदिने भन्ने हुँदैन । तनाब आउँछ, तर त्यसलाई सही ढङ्गले व्यवस्थापन गर्नपर्छ । द्वन्द्वले व्यक्ति, परिवार र समाजमा तनाबको सिर्जना गर्छ । व्यक्तिगत गाली, बेइज्जती, कुटपिट, भौतिक आक्रमण, उजुरी, मुद्दा मामिला, हिंसात्मक घटना आदिका कारण सिर्जित तनाबले व्यक्ति र समाजमा द्वन्द्व निम्त्याउन सक्छ । यस्तो द्वन्द्वलाई समयमै व्यवस्थापन गर्न सके मात्र त्यसबाट हुने क्षति न्यून गर्न सकिन्छ । तनाब तथा द्वन्द्वहरुले सही प्रकारले निकास नपाएमा यिनका असर निकै भयानक पनि हुन सक्छन् । त्यसैले यो मोडुलमा हामी तनाब तथा द्वन्द्वसम्बन्धी विविध पक्षहरुका बारेमा छलफल गर्ने छौं । यसका साथै यस मोडुलमा हामी तनाब तथा द्वन्द्व व्यवस्थापनका उपायहरु पहिचान गर्ने छौं ।

## सक्षमता

» मानव अधिकार, सामाजिक सद्भाव र समावेशी सिद्वान्त विश्लेषण ।

## सिकाइ उपलब्धि

» आफ्नो समुदायमा भए गरेका मानव अधिकार हनन र संरक्षणका घटना विवेचना गर्न,
» स्थानीय समुदायमा विभिन्न जातजाती, धर्म, लिङ्ग, अपाङ्गता एवम् संस्कृति भएका समूहको स्थानीय संरचनामा समावेशी सहभागिताको विश्लेषण,

## पाठहरू

पाठ १: मानव अधिकारका सवालहरु

पाठ २: सामाजिक समावेशिता

पाठ ३: लैङ्गिक तथा अपाङ्गता समावेशिता

पाठ ४: सामजिक विभेद र समाधान

## पूर्व सिकाई परिक्षण

**सही उत्तरमा (✓) चिह्न लगाउनुहोस् :**

१. मानव अधिकारभित्र के कुरा पर्दछन् ?
   क. आर्थिक अधिकार
   ख. सामाजिक तथा सांस्कृतिक अधिकार
   ग. नागरिक तथा राजनीतिक अधिकार
   घ. माथिका सबै

२. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भन्नाले के बुझिन्छ ?
   क. सामजिक तथा आर्थिक रुपले पिछिडएको जाति
   ख. महिला तथा पुरूषलाई दुबैलाई बुझाउने समूह
   ग. महिला तथा पुरूषको खास पहिचानभन्दा फरक विशेषता भएको वर्ग
   घ. हेर्दा महिला र पुरूषभन्दा फरक देखिने समूह

३. अपाङ्गताभित्र तल दिइएका कुन कुरा पर्दछ ?
   क. सुनाइसम्बन्धी समस्या भएको
   ख. स्वर र बोलाइसम्बन्धी समस्या हुनु
   ग. आँखासम्बन्धी समस्याले निम्त्याउने कठिनाइ
   घ. माथिका सबै

४. सामाजिक समावेशिताले तलका मध्ये के कुरा जनाउँछ ?
   क. समाजका हरेक वर्गलाई हरेक सामाजिक सवालहरुमा सहभागिता गर्नं
   ख. समाजका खास वर्गलाई उचित अवसर दिनु
   ग. समाजका सक्षम वर्गलाई आर्थिक तथा सामाजिक मुद्दामा अघि बढाउनु
   घ. माथिको कुनै पनि होइन

**तल दिइएका वाक्यहरू सही भए (✓) र गलत भए (✗) चिह्न लगाउनुहोस् ।**

१. मानव अधिकारभित्र मानिस भएर जन्मेपछि बाँच्नको लागि आवश्यक कुराहरु पूरा गर्न आवश्यक पर्ने अधिकारहरु पर्दछन् । ☐

२. मानव अधिकारको संरक्षणमा नेपालको संविधानले संवैधानिक आयोगको व्यवस्था तथा संविधानमा प्रस्ट रुपमा व्याख्या गरेको छ । ☐

३. महिला पुरूषले फरक फरक क्षेत्रको काम गर्नंपर्छपर्छ भन्ने धारणाले लैङ्गिक समानता जनाउँछ । ☐

४. कुनै पनि व्यक्तिले आफूले चाहेको लिङ्ग धारण गर्नु उसको व्यक्तिगत अधिकार हो । [ ]

५. समाजका हरेक वर्गलाई निर्णय प्रक्रिया तथा विकासका सवालहरुमा आबद्ध गर्न आवश्यक छैन । [ ]

६. पूर्ण अशक्त अपाङ्गतालाई सेतो परिचय पत्र दिइन्छ । [ ]

७. निलो रङको परिचयपत्र भएका अपाङ्गले मासिक सुरक्षा भत्ता पाउँछन् । [ ]

८. नेपालको संविधानले राष्ट्रिय सभामा अपाङ्गताको प्रतिनिधित्व सुनिश्चितता गरेको छ । [ ]

९. सामजिक समावेशिताले समाजका सीमित वर्गलाई अवसर दिनुपर्छ भन्ने कुराको वकालत गर्छ । [ ]

१०. हामीले बनाउने नीति तथा कार्यक्रमहरु हरेक वर्ग र क्षेत्र लक्षित हुनुपर्छ । [ ]

११. नेपालमा छुट्टै सामवेशी आयोगको व्यवस्था गरिएको छ । [ ]

१२. समावेशिता कायम राख्न निश्चित वर्गलाई मात्र अवसर दिनुपर्छ र अगाडि बढाउनुपर्छ । [ ]

## ल अब हेरौं है त, यहाँले कस्तो गर्नुभयो ? तपाईंको उत्तर पृष्ठ नं ............... दिइएको उत्तरसँग मिल्यो कि मिलेन ?

तपाईंको उत्तर कति मिल्यो ? सबै उत्तर सही भए, धेरै राम्रो गर्नुभयो, तपाईंलाई बधाई छ । यसबाट थाहा हुन्छ कि तपाईंलाई यस मोडुलका सम्बन्धमा धेरै जानकारी छ । तर पनि तपाईं आफूले थाहा पाइसकेको विषयवस्तुको समीक्षा गर्न यो मोडुलको अध्ययन गर्न सक्नुहुन्छ । यसो गर्दा तपाईंले थप केही नयाँ कुरा सिक्न पनि सक्नुहुन्छ ।

यदि तपाईंका उत्तरहरु अधिकांश मिलेन भने पनि चिन्ता नगर्नुहोस् । वास्तवमा यो मोडुल तपाईंकै लागि तयार गरिएको हो । यसको अध्ययनले तपाईंलाई दैनिक जीवनमा कामलाग्ने ज्ञान, सीप, अवधारणा आदिका सम्बन्धमा जानकारी हुने छ । यसको अध्ययनले तपाईंलाई माथिका सबै प्रश्नहरु ठिकसँग उत्तर दिन र अन्य धेरै कुराहरु पनि जान्न-बुझ्न मद्दत गर्ने छ । के तपाईं तयार हुनुहुन्छ ? अब हामी पाठ सुरू गरौं है त ।

# पाठ १ मानव अधिकारका सवालहरू

के तपाईँले डिसेम्बर १० तारिकको दिन विभिन्न भेला तथा समारोह देख्नुभएको छ ? के तपाईँले महिला माथि भएको घरेलु हिँसा, दलित माथि हुने छुवाछुत, बालबालिका माथि भएका अत्याचारका घटनाहरु सुन्नुभएको वा देख्नुभएको छ ? के तपाईँको परिवार वा छिमेकमा छोरीले पनि छोरा सरह अधिकार प्राप्त गरेका छन् ? के तपाईँले अरुको विचारलाई सम्मान गर्ने र अरुमाथि विभेदको भावना राख्नुहुँदैन ? के तपाईँले राज्यबाट पाउनु पर्ने अधिकारहरु प्राप्त गर्न भएको छ ? के तपाईँले कसैले आफ्नो अधिकार हनन भएकोमा प्रहरीमा उजुरी गरेको सुन्नुभएको छ ? यस पाठमा हामी मानव अधिकारका विषयमा यी र यस्तै प्रश्नहरुको उत्तर खोज्ने कोसिस गर्नेछौँ ।

सबै भन्दा पहिले तल दिइएको पत्रकार र मानव अधिकार सञ्जाल नेपालका अध्यक्ष बिचको अन्तरवार्ता सुन्नुहोस् दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् ।




**पत्रकार :** अध्यक्ष ज्यू नमस्कार ! आज डिसेम्बर १०, विश्वभर तथा नेपालमा विभिन्न कार्यक्रम गरी मानव अधिकार दिवस मनाइन्छ । सर्वप्रथम सामान्य भाषामा मानव अधिकारका बारेमा बताइदिनुस् न ।

**अध्यक्ष :** मलाई मानव अधिकार दिवसको दिनमा केही कुरा राख्न दिनु भएकोमा धेरै नै आभारव्यक्त गर्न चाहन्छु । मानिस भएर जन्मेको कारणले विश्वको जुनसुकै पनि मानिसलाई स्वतः प्राप्त हुने अधिकारलाई मानव अधिकार भनिन्छ । मानवलाई न्यूनतम मानवीय मर्यादा सहित हुर्कन, बाँच्न र जीवनयापन गर्नको लागि आवश्यक अधिकारहरुको समष्टिलाई मानव अधिकार भनिन्छ ।

**पत्रकार :** मानव अधिकार भित्र केकस्ता अधिकारहरु पर्दछन् ?

**अध्यक्ष :** यसअन्तर्गत त्यस्ता अधिकारहरु पर्दछन् जुन अधिकारहरु विश्वभरिका सबै मानिसहरुमा जाति, भाषा, धर्म, रङ, लिङ्ग, राष्ट्रियता (नागरिकता), उत्पति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सिमाना आदिको भेदभाव विना निहित रहन्छ र यिनीहरुको सृजना अन्तर्राष्ट्रिय कानूनद्वारा हुन्छ । यस्ता अधिकारहरुको अभावमा मानव मानवको रुपमा बाँच्न मुस्किल पर्दछ ।

**पत्रकार :** अन्तर्राष्ट्रियरुपमा मानव अधिकारको अवधारणा कहाँबाट सुरू भयो ?

**अध्यक्ष :** सर्व प्रथम सन् १९४८ मा संयुक्त राष्ट्र सङ्घको प्रयासमा विश्वव्यापी मानव अधिकारसम्बन्धी घोषणा पत्र जारी भएको थियो । यसको अलाबा अन्य विभिन्न महासन्धि निर्माण भइरहेका छन् ।

**पत्रकार :** नेपालमा मानव अधिकार संरक्षण र सम्वर्धनसम्बन्धी के कस्ता व्यवस्थाहरु छन त ?

**अध्यक्ष :** नेपालको अन्तरिम संविधान २०६३ मा पहिलो पटक राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायका रुपमा स्वीकार गरिएकामा नेपालको नयाँ संविधानमा पनि यसलाई निरन्तरता दिइएको छ । नेपालको संविधानको भाग ३ मा धारा १६ देखि ४६ सम्म गरी ३१ ओटा हकको व्यवस्था गरी मानव अधिकारसम्बन्धी विभिन्न अधिकारहरुलाई समेटिएको छ । साथै धारा ४७ मा तीन वर्षभित्र मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गरिने कुरा उल्लेख गरिएको छ ।

**पत्रकार :** अनि नेपालमा मानव अधिकारको निमित्त सँस्थागत रुपमा के कस्ता व्यवस्थाहरु छन् ?

**अध्यक्ष :** नेपालमा मानव अधिकार संरक्षण र प्रवर्धनमा विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरुले महत्त्वपूर्ण भूमिका खेलेका छन् । सरकारी संयन्त्रअन्तर्गत अदालत, संवैधानिक निकायको रुपमा राष्ट्रिय मानव अधिकार आयोग, अन्य संवैधानिका निकायको रुपमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोग आदि रहेका छन् । विभिन्न गैर-सरकारी संस्थाहरु जस्तै इन्सेक, ओरेक, एड्भोकेसी फोरम, मानव अधिकार सञ्जाल नेपालआदि संस्थाहरुले मानव अधिकार संरक्षण र प्रवर्धनमा सहयोगी भूमिका खेलेका छन् ।

**पत्रकार :** हाल नेपालमा मानव अधिकारको अवस्था कस्तो पाउनुभएको छ त ?

**अध्यक्ष :** नेपालको सन्दर्भमा मानव अधिकारको संरक्षणलाई राजनीतिक र सामाजिक आन्दोलनको विकाससँगै जोडेर हेर्ने गरिन्छ । नागरिक अधिकार, राजनीतिक अधिकार, सामाजिक अधिकार, आर्थिक अधिकार र सांस्कृतिक अधिकार गरी पाँच अधिकार नागरिकले प्राप्त गर्न सकेको खण्डमा आधारभूत मानव अधिकार पाएको मान्न सकिन्छ । नेपालमा धेरै हदसम्म राजनीतिक अधिकार र केही हदसम्म सामाजिक अधिकार पाइएको भए पनि अन्य अधिकारको हिसाबले नेपाली निकै पछि परेकाले मानव अधिकार उल्लङ्घनका घटना बढ्दै गएको देखिन्छ ।

**पत्रकार :** त्यसो भए मानव अधिकार संरक्षणका लागि के कस्ता उपाय अपनाउनुपर्छ त ?

**अध्यक्ष :** यसका निम्ति हरेक सरकारी निकायहरुले जिम्मेवार भई कार्य गर्नपर्छ भने नागरिक तहमा पनि व्यापक सचेतना जरूरी पर्दछ । गैह्रसरकारी संस्थाहरु तथा तपाईँहरु जस्ता सञ्चार माध्यमले नियमित रुपमा मानव अधिकारको सवालमा वकालत तथा पैरबी गर्नपर्छ ।

**पत्रकार :** अन्तर्वार्ताका लागि समय दिनु भएकोमा धेरै धेरै धन्यवाद, आजमानव अधिकारको बारेमा निकै जानकारी हासिल भयो, यहाँलाई फेरि पनि सम्झिनेछौँ ।

**अध्यक्ष :** तपाईंलाई पनि यस कार्यक्रममार्फत आफ्ना भनाइहरु राख्न दिनुभएकामा धेरै धेरै धन्यवाद ।

##  अभ्यास क्रियाकलाप

**अब तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्**

क. मानव अधिकार भन्नाले के बुभ्नुहुन्छ ?

उत्तर : ..........................................................................................

..........................................................................................

..........................................................................................

ख. ञमानव अधिकारभित्र कस्ता कस्ता अधिकारहरु पर्दछन् ?

उत्तर : ..........................................................................................

..........................................................................................

..........................................................................................

ग. नेपालमा मानव अधिकार संरक्षण र प्रवर्धनमा संस्थागत रुपमा के कस्ता व्यवस्था रहेका छन् ?

उत्तर : ..........................................................................................

..........................................................................................

..........................................................................................

घ. नेपालमा मानव अधिकार उल्लङ्घनका घटनाहरु बढ्दै जानुका पछाडिका कारण के होला ?

उत्तर : ..........................................................................................

..........................................................................................

ङ. तपाईंको विचारमा तपाईं बसोबास गर्ने पालिकामा मानव अधिकारको अवस्था कस्तो छ ?

उत्तर : ..........................................................................................

..........................................................................................



## अनुभवमा आधारित क्रियाकलाप

तपाइँको घर परिवार वरिपरि वा समाजमा घटेका मानव अधिकार हननका घटनाहरु बारे आफ्नो परिवार अथवा साथीहरुसँग छलफल गर्नुहोस् । ती मध्ये कुनै तीन मुख्य घटनाहरु उल्लेख (जस्तैः घरायसी हिंसा, शारीरिक शोषण, सामाजिक विभेद आदि) गरी ती घटनाहरु घट्नुको पछाडिको मुख्य कारण पहिचान गरी र तलको तालिकामा भर्नुहोस् । सजिलोका लागि एउटा उदाहरण प्रस्तुत गरिएको छ ।

| घटना | मुख्य कारण |
|---|---|
| महिलामाथि हिंसा भएको | प्रयाप्त दाइजो नदिएको आरोपमा घरका सदस्यहरुले बुहारीलाई बारम्बार शोषण गर्नु |
| | |
| | |
| | |

यी माथिका घटनाहरुले समाजमा नकारात्मक असर पुऱ्याएका हुन्छन् तसर्थ यी घटनाहरुलाई निरूत्साहित पार्नु आवश्यक छ । समाजमा हुने मानव अधिकार हननका सवालहरुमा तपाईंले जिम्मेबार नागिरकको भूमिका कसरी खेल्न सक्नुहुन्छ ? अथवा विगतमा घटेका यस्ता घटनाहरुमा यहाँले के कस्तो भूमिका निर्वाह गर्नुभयो बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

१. ..............................................................................................................

..............................................................................................................

२. ..............................................................................................................

..............................................................................................................

३. ..............................................................................................................

..............................................................................................................

**मानव अधिकारसम्बन्धी केही घटनाहरू अध्ययन गरौं ।**

### घटना १

### दाइजो तथा घरेलु हिंसा घटनाका आरोपित गिरफ्तार

गोपालपुर नपा-६ बस्ने २२ वर्षीय पत्नी राधा चौधरीलाई दाइजोका कारण घरेलु हिंसा गरेको आरोपमा प्रहरीले ३५ वर्षीय पति शङ्कर चौधरीलाई मङ्सिर ३० गते गिरफ्तार गरेको छ ।

पत्नी राधाले दाइजो तथा घरेलु हिंसा विरूद्ध दिएको उजुरीका आधारमा आरोपित शङ्करलाई गिरफ्तार गरेको महोत्तरी जिल्ला प्रहरी कार्यालय, जलेश्वरका डीएसपी हरिराम अधिकारीले जानकारी दिनुभयो ।

पीडितले आरोपित विरूद्ध ०७९ कार्तिक २ गते महोत्तरी जिल्ला अदालतमा घरेलु हिंसा विरूद्ध निवेदन दिई कात्तिक १४ गते उजुरी गर्ता गराएकी हुन् भने मङ्सिर १० गते सोही अदालतमा दाइजोका विरूद्धमा पनि मुद्दा दायर गरेकी छिन् ।

गत वर्षको मङ्सिरमा राधा र शङ्करको सामाजिक परम्पराअनुसार विवाह भएको थियो । विवाहमा राधाको माइती पक्षले नगद र सुनचाँदी गरी १ करोड ३० लाख रूपियाँ खर्च गरेको राधाले दाबी गर्दै आएकी छिन् ।

आरोपित शङ्करले काठमाडौँमा घर किनिदिन माइती पक्षलाई भन्न दबाब दिँदै कुटपिट तथा यातना दिने गरेको पीडित राधाको आरोप छ ।

*(साभार: इन्सेक अनलाइन, पुष ५ गते सङ्कलन गरिएको, गोपनीयताका कारणले घटनाका पात्रहरू र ठाउँ फरक गरिएको )*

### घटना २

### जातीय विभेद गरेको कसुरमा दुई महिना कैद सजाय

२६ वर्षीया महिलालाई जातीय विभेद गरेको कसुरमा जिल्ला अदालतले पदमपुर नगरपालिका-५ का ५८ वर्षीय हरि कृष्ण शर्मालाई दुई महिना कैद र २० हजार जरिबानाको सजायको फैसला गरेको छ ।

न्यायाधीश डाक्टर श्यामप्रसाद रिजालको ०७९ मङ्सिर २२ गतेको इजलासले कसुर गरेको ठहर गर्दै कैद सजायसँगै पीडितले पाउने गरी कसुरदारबाट ५० हजार रूपियाँ क्षतिपूर्ति भराउन आदेश दिइयो ।

कसुरदार हरिकृष्ण शर्माले २६ वर्षीया महिलालाई ०७९ जेठ ११ गते ज्योतिषी हेराउँदा ठुलो जातको मान्छे भएर पनि त्यती सानो जातको मान्छे सँग विवाह गरेको र समाजलाई बिगारेको भन्ने आरोप लगाई जातीय विभेद गरेका थिए ।

जातीय विभेद गरेको आरोपमा पीडितले आरोपित विरुद्ध ०७९ जेठ २३ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन् ।

पीडित पक्षको उजुरीका आधारमा प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गरेको थियो ।

आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ३१ गते जातीय भेदभाव तथा छुवाछुत कसुर शीर्षकमा मुद्दा दर्ता गरी कानुनी कारबाही अगाडि बढाएको थियो ।

जिल्ला अदालतका न्यायाधीशको असार १ गतेको आदेशमा आरोपित २० हजार धरौटी बुझाएर तारेखमा छुटेका थिए ।

*(साभार: इन्सेक अनलाइन, पुष ५ गते सङ्कलन गरिएको, गोपनीयताका कारणले घटनाका पात्रहरू र ठाउँ फरक गरिएको )*

## अभ्यासात्मक क्रियाकलाप

**अब तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. पहिलो घटनामा राधा माथि घरेलु हिँसा हुनुको मुख्य कारण के हो ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

ख. राधाको घटनामा दोषीमाथि प्रहरीले कस्तो कदम चालेको छ ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

ग. दोस्रो घटनामा जातीय विभेद भएको छ भन्ने आधार के छ ?

उत्तर : ..............................................................................................................


..............................................................................................................

घ. के जातीय विभेद तथा छुवाछुतलाई स्वीकार्न सकिन्छ ? किन ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

माथि दिइएका दुई घटनाहरु हाम्रो समाजमा हुने मानव अधिकार हननका सवालहरुका प्रतिनिधि घटनाहरु हुन् । हाम्रो समाजमा यस्ता अनेकौं घटनाहरु छन् जुन हामीले हरेक दिन सुन्दै र पढ्दै आएका छौं । नेपालका हरेक जिल्लामा हुने मानव अधिकार हननका घटनाहरु नियमित रुपमा सञ्चार माध्यमले प्रकाशित गर्ने गरेका छन् । यस्ता सञ्चार माध्यमहरु मध्ये इन्सेक अनलाइनमा जिल्ला विशेष घटनाहरुको जानकारी प्राप्त गर्न सकिन्छ । आफ्नो जिल्ला अथवा छिमेकी जिल्लामा भएका मानव अधिकारसम्बन्धी घटनाहरु बारे जानकार हुन https://inseconline.org/np/news/ मा जानुहोस् र आफ्नो जिल्ला अथवा आफूले जान्न चाहेको छिमेकी जिल्लाको नाम छान्नुहोस् र घटनाहरु अध्ययन गर्नुहोस् । खुल्ने वेब पेजको नमुना तल दिईएको छ ।



## परियोजना कार्य

**माथि भने जस्तै आफ्नो जिल्ला वा छिमेकी जिल्लामा पछिल्लो समयमा घटेका पाँच घटनाहरू अध्ययन गर्नुहोस् (https;//inseconline.org/np/news/ मा गएर ) र तलको जानकारी सङ्कलन गर्नुहोस ।**

| घटनाका प्रकारहरू | घटनाले असर गरेको समूह/वर्ग | घटनाप्रति प्रहरी, वा न्यायालयले खेलेको भूमिका (जानकारीमा भएमा मात्र) | पीडितको हालको अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**माथि उल्लिखित तालिका भरिसकेपछि पाँचओटै घटनाहरूको कारण र हालको अवस्था छोटकरीमा वर्णन गरी एउटा छोटो जानकारी तयार पार्नुहोस् र आफूले लेखेको कुरा आफ्नो साथी अथवा अग्रजलाई देखाउनुहोस् र सुझावका लागि अनुरोध गर्नुहोस् ।** *(घटना प्रति तपाईंको बुझाइ आफ्नै हुनाले जे बुझ्नुहुन्छ लेख्नुहोस्, बिग्रिन्छ भनेर नसोच्नुहोस्)*

## के तपाईंलाई थाहा छ ?

१. कुनै पनि स्थानीय स्तरमा हुने मानव अधिकार हननका घटनाहरूमा स्थानीय तहमा भएको न्यायिक समितिमा उजुरी गर्न सकिन्छ ।

२. कुनै पनि मानवअधिकार घटनाहरूमा उजुरी दिन राष्ट्रिय मानव अधिकार आयोगको पैसा नलाग्ने फोन नं ५०१०००० मा कल गरेर उजुरी टिपाउन सकिन्छ । यसरी उजुरी गर्दा पैसा लाग्दैन र जुन सुकै भाषामा टिपाउन सकिन्छ ।

३. महिला हिंसा तथा अन्य विभेदका सवालमा उजुरी गर्नु परेमा हरेक प्रहरी चौकीमा छुट्टै महिला सूचना केन्द्रको व्यबस्था रहेको छ ।

४. नेपालको संबिधानले मानव हरेक प्रकारका अधिकार दिनुपर्छ भनेर ग्यारेन्टी गरेको छ ।

५. नेपालका हरेक बर्ग तथा जातजातीको अधिकार संरक्षण तथा प्रवर्द्धनको निमित्त संबैधानिक आयोगहरू मातहत कार्यहरू भईरहेका छन ।

## यस पाठमा सम्झनुपर्ने मुख्य बुँदाहरू

» मानिस भएर जन्मेको कारणले विश्वको जुनसुकै पनि मानिसलाई स्वतः प्राप्त हुने अधिकारलाई मानव अधिकार भनिन्छ ।

» मानवलाई न्यूनतम मानवीय मर्यादासहित हुर्कन, बाँच्न र जीवनयापन गर्नका लागि आवश्यक अधिकारहरुको समष्टिलाई मानव अधिकार भनिन्छ ।

» सन् १९४८ मा संयुक्त राष्ट्रसङ्घको प्रयासमा विश्वव्यापी मानव अधिकारसम्बन्धी घोषणापत्र जारी भएको थियो ।

» यसअन्तर्गत नागरिक, राजनितिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु पर्दछन् ।

» नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायका रुपमा राखेको राखेको छ ।

» नेपालको संविधानको भाग ३ मा धारा १६ देखि ४६ सम्म गरी ३१ ओटा हकको व्यवस्था गरी मानव अधिकारसम्बन्धी विभिन्न अधिकारहरुलाई समेटिएको छ ।

» मानव अधिकार रक्षा र प्रवर्धन गर्ने सरकारी संयन्त्रअन्तर्गत अदालत, संवैधानिक निकायका रुपमा राष्ट्रिय मानव अधिकार आयोग, अन्य संवैधानिक निकायका रुपमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोग आदि रहेका छन् ।

» मानव अधिकार हननबाट जोगिन हरेक नागरिकले जिम्मेबार भएर काम गर्नँपर्छ

## स्व-मूल्याङ्कन क्रियाकलाप

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. हामीले मानिस भएर जन्मेपछि सहज जीवन जिउन पाउनुपर्ने अधिकारलाई मानव अधिकार भनिन्छ । ☐

ख. नेपालमा मानव अधिकार आयोगको सुरूवात नेपालको संविधान २०७२ पछाडि भएको हो । ☐

ग. मानव अधिकार भित्र राजनितिक, नैतिक, आर्थिक, सामुदायिक तथा दिगो अधिकारहरु पर्दछन् । ☐

घ. नेपालको संविधानको भाग तीनको धारा १६ देखि ४६ सम्म मानव अधिकारसम्बन्धी प्रावधानहरु राखिएको छ । ☐

ङ. नेपालका संवैधानिक आयोगहरुले संविधानको अधिनमा रही मानव अधिकारको संरक्षण र प्रवर्धनका निमित्त कार्य गर्दछन् । ☐

## पृष्ठपोषण

**अब तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्**

क. मानव अधिकार भन्नाले के बुझ्नुहुन्छ ?

उत्तर : मानिस भएर जन्मेका कारणले विश्वको जुनसुकै पनि मानिसलाई स्वत: प्राप्त हुने अधिकारलाई मानव अधिकार भनिन्छ ।

ख. मानव अधिकारभित्र कस्ता कस्ता अधिकारहरु पर्दछन् ?

उत्तर : यसअन्तर्गत त्यस्ता अधिकारहरु पर्दछन् जुन अधिकारहरु विश्वभरिका सबै मानिसहरुमा जाति, भाषा, धर्म, रङ्ग, लिङ्ग, राष्ट्रियता (नागरिकता), उत्पति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सिमाना आदिको भेदभावविना निहित रहन्छन् ।

ग. नेपालमा मानव अधिकार संरक्षण र प्रवर्धनमा सँस्थागत रुपमा के कस्ता व्यवस्था रहेका छन् ?

उत्तर : नेपालको संविधानको भाग ३ मा धारा १६ देखि ४६ सम्म गरी ३१ वटा हकको व्यवस्था गरी मानव अधिकार सम्बन्धी विभिन्न अधिकारहरुलाई समेटिएको छ। साथै धारा ४७ मा तीन वर्षभित्र मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानून निर्माण गरिने कुरा उल्लेख गरिएको छ ।

घ. नेपालमा मानव अधिकार उल्लङ्घनका घटनाहरु बढ्दै जानुका पछाडिका कारण के होला ?

उत्तर : नेपालमा धेरै हदसम्म राजनीतिक अधिकार र केही हदसम्म सामाजिक अधिकार पाइएको भए पनि अन्य अधिकारको हिसाबले नेपाली निकैपछि परेकाले मानव अधिकार उल्लङ्घनका घटना बढ्दै गएको देखिन्छ ।

ङ. तपाईंको विचारमा तपाईं बसोबास गर्ने पालिकामा मानव अधिकारको अवस्था कस्तो छ ?

उत्तर : मेरो विचारमा म बस्ने पालिकामामा मानव अधिकारको अवस्था राम्रो छ, मैले यस पालिकामा मानव अधिकारका हननका घटना खासै सुनेको छैन । (यस्तै खालको उत्तर दिने)

**अब तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. पहिलो घटनामा राधा माथि घरेलु हिंसा हुनुको मुख्य कारण के हो ?

उत्तर : राधा माथि घरेलु हिंसा हुनुको मुख्य कारण भने जस्तो दाइजो नदिनु हो ।

ख. राधाको घटनामा दोषीमाथि प्रहरीले कस्तो कदम चालेको छ ?

उत्तर : राधाको घटनामा प्रहरीले दोषीलाई गिरफ्तार गरेको छ ।

ग. दोस्रो घटनामा जातीय विभेद भएको छ भन्ने आधार के छ ?

उत्तर : कसुरदारले २६ वर्षीया महिलालाई ०७९ जेठ ११ गते ज्योतिषी हेराउँदा ठुलो जातको मान्छे भएर पनि त्यति सानो जातको मान्छेसँग विवाह गरेको र समाजलाई बिगारेको भन्ने आरोप लगाएकाले जातीय विभेद भएको छ भन्ने आधार छ ।

घ. के जातीय विभेद तथा छुवाछुतलाई स्वीकार्न सकिन्छ ? किन ?

उत्तर : जातीय विभेद तथा छुवाछुतलाई स्वीकार्न सकिँदैन किनकि यसले समाजमा व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई निषेध गर्दछ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. हामीले मानिस भएर जन्मेपछि सहज जीवन जिउन पाउनुपर्ने अधिकारलाई मानव अधिकार भनिन्छ । ✓

ख. नेपाल मानव अधिकार आयोगको सुरूवात नेपालको संविधान २०७२ पछाडि भएको हो । ✗

ग. मानव अधिकारभित्र राजनितिक, नैतिक, आर्थिक, सामुदायिक तथा दिगो अधिकारहरु पर्दछन् । ✗

घ. नेपालको संविधानको भाग तीनको धारा १६ देखि ४६ सम्म मानव अधिकारसम्बन्धी प्रावधानहरु राखिएका छन् । ✓

ङ. नेपालका संवैधानिक आयोगहरुले संविधानको अधीनमा रही मानव अधिकारको संरक्षण र प्रवर्धनका निमित्त कार्य गर्दछन् । ✓

# पाठ २ सामजिक समावेशिता

के तपाईंको सामुदायमा छलफलहरु हुँदा महिला, दलित तथा पिछिडएको वर्गको प्रतिनिधित्व हुन्छ ? के तपाईँलाई आफ्नो वडामा महिला तथा दलित जनप्रतिनिधि हुन्छन् भन्ने कुरा थाहा छ ? तपाईंलाई सरकारी सेवामा जागिर खान महिला, दलित, जनजाति, अपाङ्गता भएका सबैले पाउँछन् भन्ने थाहा छ ? एउटा सुन्दर समाज निर्माण गर्नका लागि समाजमा भएका हरेक खालका मानिसहरुको उत्तिकै महत्त्व हुन्छ । कुनै एक जाति, धर्म वा लिङ्ग विशेषलाई मात्र लिएर समाजको कल्पना गर्‍यौं भने त्यो समाज पूर्ण हुन सक्दैन । त्यसैले समाजका हरेक वर्गले उचित स्थान प्राप्त गरेको खण्डमा मात्र समग्र समाज र देशको विकास हुन सक्छ जसका निमित्त समाजका हरेक गतिविधिहरुमा सबै वर्ग र समुदायको सहभागिता हुनु जरूरी रहेको छ । यस पाठमा हामी सामाजिक समावेशिता कायम राख्ने उपायहरुका बारेमा जानकारी लिन्छौँ । यस पाठमा हामी नेपालको परिप्रेक्षमा सामाजिक समावेशिताको महत्त्व र समावेशितासँग सम्बन्धित विविध पक्षसँग जानकार हुनेछौँ ।

**सबै भन्दा पहिले तलको कथा अध्ययन गरौँ र मनन गरौँ**

## सुनौलो गाँउको कथा



सुनौलो गाँउमा खानेपानीको आयोजना बनाउने विषयमा वडा अध्यक्षले सबै गाँउलेलाई शनिबार बिहान वडा कार्यलयको भवनमा छलफलका लागि बोलाएका थिए । बसौंदेखि पानी लिन पल्लो गाँउ जाने स्थानीयहरु खानेपानी आउने भएपछि खुसी भएर शनिबार बिहान वडा कार्यलयभवन तर्फ लागे । वडा

अध्यक्षले स्वागत मन्तव्य राखेपछि सबैलाई पालै पालो आफ्नो राय दिन लगाए । श्री माध्यमिक विद्यालयका प्रधानाध्यापक बोलिसकेपछि पढाइ बिचमै छोडेर घरधन्दामा लागेकी राधाले हात उठाइन् । राधालाई बोल्नबाट रोक्दै अरु स्थानीय पुरूषहरुले तिमीले केही जानेकी छैनौ चुप लागेर बस भने तर राधाले मैले पनि केही बोल्न पाउनुपर्छ भनेर जिद्दी गरिन् । गाँउका पुरूषहरुले हुँदैन हुँदैन भनेर भन्दै थिए । वडा अध्यक्षले अरुलाई रोकेर राधालाई बोल्न दिए । राधाले खानेपानी लिन सधैँ महिला नै जानुपर्ने भएकाले अब खानेपानी आयोजना बनाउँदा महिला दिदीबहिनीह सँग राय लिएर उनीहरुलाई सहज हुने ठाउँमा धारा बनाउनुपर्छ भनेर आफ्नो विचार राखिन् । त्यसपछि कमलाले बोल्न खोज्दा त्यसैगरी अरुले बोल्न दिएनन् तर फेरि वडा अध्यक्षले रोके र कमलाले सार्वजनिक धारामा हामी जस्ता दलितले पानी भर्न अरुको भर पर्नपर्ने कुरा राखिन् । त्यसैले उनले दलितको घरमा छुट्टै धारा हुनुपर्ने माग राखिन् । कमला बोलिसकेपछि गाँउका पूर्व मुखियाले हामी ठुला जातले त घरमा धारा हाल्न पाएको छैनौँ, तिमीहरु साना जात भएर पानी पाउछौँ ? भनेर हकारे ।छलफलभरि लगातर वादविवाद नै चलिरह्यो, महिला, दलित तथा पिछिडएको वर्गलाई दबाउन भरपुर कोसिस भइरह्यो तर वडा अध्यक्षले विवाद मिलाउँदै गए । अन्तिममा सबै जनाको सहमतिमा वडा अध्यक्षले भेलाको निष्कर्ष सुनाए । भेलाको निष्कर्ष यस्तो थियो । “खानेपानीको आयोजना बनाउन सबै घरले बराबर श्रमदान गर्नुपर्ने र महिलाहरुले भने बमोजिमका ठाउँमा प्रत्येक घरमा धाराहरुको स्थापना गर्ने र गरिब तथा पिछिडएका वर्गले नि:शुल्क धारा प्रयोग गर्न पाउने, दलितहरुको आफ्नै घरमा धारा हुने र सार्वजनिक धारा प्रयोग गर्न कसैले नरोक्ने”। यो निर्णयमा कसैले पनि आपत्ति जनाएनन् र सबै गाँउलेहरु मिलेर गाँउमा धारा बनाए । हाल सबै घरमा धारा पुगेको छ र गाँउको हरेक छलफलमा सबैको सहभागितामा निर्णय गरिन्छ ।



## अभ्यास क्रियाकलाप

**माथिको घटनालाई आधार मानेर तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. राधालाई आफ्नो धारणा राख्नबाट किन रोक्न खोजियो होला ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

ख. पूर्व मुखियाले कमलालाई गरेको व्यवहारलाई तपाईंले कसरी लिनुहुन्छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

ग. यो घटनामा मुख्य गरी महिला तथा दलितका दुईओटा समस्याहरु प्रस्तुत गरिएको छ । ती के के होलान् ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

घ. के वडा अध्यक्षले सुनाएको निर्णय सही थियो ? किन ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

ङ. यस घटनाको अन्त्यमा गाँउका सबै मानिसहरुले सहज रुपमा खानेपानी प्राप्त गर्न सके, यसको पछाडिको कारणहरु के के होलान् ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

**माथिको कथाले सामाजिक समावेशीकरणको उदाहरण प्रस्तुत गरेको छ । कथामा राधाले महिला वर्ग तथा कमलाले दलित वर्गको प्रतिनिधित्व गरेकी छिन् । गाँउमा विकासका योजनाहरू निर्माण गर्दा हरेक वर्ग तथा सामूदायको भूमिकालाई महत्त्व दिनुपर्छ भन्ने कुरा हामीले यस घटनाबाट सिक्यौं ।**



## खोज क्रियाकलाप

नेपाल अनेकतामा एकता भएको राष्ट्र हो ।२०६८ सालको जनगणनालाई आधार मान्ने हो भने यहाँ १२५ जातजाति, १२३ भाषा बोल्ने र १० वटा धर्म मान्ने मानिसहरु बसोबास गर्दछन् । यी विविध जातजाति, भाषा, धर्म भएका मानिसहरुको आफ्नै वेशभूषा तथा संस्कृति रहेका छन् जसले गर्दा हरेक जातजातिहरु, धर्महरु र भाषाहरु आफैंमा विशेष रहेका छन् ।

आफ्नो वडा कार्यलयमा गएर अथवा समाजको अगुवाहरुसँग सोधेर तपाईं बस्ने वडामा बस्ने जातजातिहरु, मानिने धर्महरु तथा बोलिने भाषासम्बन्धी जानकारी सङ्कलन गर्नुहोस् र तलको तालिकामा भर्नुहोस् (तपाईंको वडामा धेरै नै विविधता छ भने मुख्य मुख्य लिन सक्नुहुन्छ), तालिका अपुग भएमा कापी तथा डायरीमा लेख्न सक्नुहुनेछ ।

| जातजातिहरू (क्रमानुसार, धेरै सङ्ख्या भएको पहिले) | मान्ने धर्म (एकै जातले फरक धर्म मान्ने भए, ती धर्महरू उल्लेख गर्ने) र बोल्ने भाषा (फरक फरक भाषा भए पनि उल्लेख गर्ने ) | मुख्य वेशभूषा/ विशेष चालचलन, चाडबाड |
|---|---|---|
| | धर्म : | भेशभूषा : |
| | भाषा : | चालचलन/चाडबाड: |
| | धर्म : | भेशभूषा : |

| | | |
|---|---|---|
| | भाषा : | चालचलन/चाडबाडः |
| | धर्म : | भेशभूषा : |
| | भाषा : | चालचलन/चाडबाडः |
| | धर्म : | भेशभूषा : |
| | भाषा : | चालचलन/चाडबाडः |
| | धर्म : | भेशभूषा : |
| | भाषा : | चालचलन/चाडबाडः |

माथिको तालिकालाई आधार बनाइ तपाईंको वडामा बस्ने विभिन्न जातजाति, भाषा, धर्मका मानिसहरुको बिचमा भएको समान तथा फरक कुराहरु पहिचान गर्नुहोस् र ती कुराहरुलाई बुँदागत रुपमा तालिकामा उल्लेख गर्नुहोस् ।

| समान कुराहरू | फरक कुराहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

माथिको दुई तालिकाले तपाइँको समाजमा भएको विविधता र त्यसमा भएको समानता पहिल्याउन मद्दत गर्दछ । यी विविध जातजाति, भाषा, धर्म, संस्कृति बोकेका मानिसहरुलाई समाजका हरेक क्रियाकलापमा समावेश गर्नु नै सामाजिक समावेशिता हो ।

अब सामाजिक समावेशिता सम्बन्धी अवधारणा बारे थप जानकारी हासिल गर्न भर्खरै गाउँपालिकाका उपप्रमुखमा निर्वाचित तारादेवी शर्मा र वैदेशिक रोजगारबाट फर्किएका उनका भाइ हर्क बिचको संवाद पढ्नुहोस् र मनन गर्नुहोस् ।

**पढौँ र मनन गरौँ**



**हर्क :** दिदी हजुरलाई धेरै धेरै बधाई छ, उपप्रमुख हुनु भएकामा, हाम्रो गाउँमा महिला पनि उप-प्रमुख हुन्छन् भनेर पहिले कहाँ कल्पना गर्न सकिन्थ्यो र !

**तारादेवी :** त्यही त भाइ, बल्ल त संविधानमा महिलालगायत अन्य पछाडि परेका वर्गका सवालहरु राखिन थालेको छ, बिस्तारै सबै राम्रो हुँदै जान्छ भाइ ।

**हर्क :** तर म त आज पनि जातीयता, महिला, अपाङ्गता, पिछिडएकाहरुको नाममा समाजमा विभेद देख्छु त दिदी ।

**तारादेवी :** विभेद त अझै पनि छ, तर हिजो भन्दा आज कम हुदै गरेको छ भाइ, खासगरी संविधानमा समावेशिताको कुरा उल्लेख गरेदेखि हरेक वर्गका मानिसहरुले अवसर प्राप्त गरेका छन् ।

**हर्क :** यस सामाजिक समावेशिता भन्नाले के बुझिन्छ दिदी ? यसभित्र के कस्ता कुराहरु पर्दछन् ?

**तारादेवी :** सामाजिक समावेशिता भनेको सामाजिक विकासका क्षेत्रबाट पछि पारिएका जाति, जनजाति, लिङ्ग ,दलित, उत्पीडित उपेक्षित तथा भौगोलिक क्षेत्रलाई सामाजिक विकासका विभिन्न क्षेत्रमा समान रुपमा सहभागी गराई सामाजिक विकासलाई तीव्रता दिने कार्य हो । विकासको प्रत्येक प्रक्रियामा हरेक तह तथा वर्गका मानिसहरुको अर्थपूर्ण सहभागिता हुनु हो ।

**हर्क :** त्यसो भए के हाम्रो गाउँपालिकामा पनि समावेशिताकाका कुराहरु लागु भएका छन् त ?

**तारादेवी :** ल तिमीलाई थाहा छैन ? हरेक स्थानीय तहको निर्वाचनमा उम्मेद्वारी दिने पार्टीले प्रमुख र उपप्रमुखमा फरक फरक लिङ्गको हुने व्यवस्था गरेको छ । त्यसैगरी हरेक वडामा निर्वाचित हुने ४ जना वडा सदस्य मध्ये कम्तीमा २ जना महिला जस मध्ये १ जना अनिवार्य दलित वा पिछिडएको वर्गबाट हुनुपर्ने व्यवस्था गरेको छ ।

**हर्क :** गाउँपालिकाको निर्णय प्रकियामा पनि त्यस्तै हुन्छ ?

**तारादेवी :** गाउँ परिषद् वा नगर परिषद् दुबैमा पनि प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, हरेक वडाका महिला सदस्य तथा अन्य चुनिएका दलित र पिछडिएका वर्गका प्रतिनिधिहरु पनि हुन्छन् ।

**हर्क :** ए ! कति राम्रो व्यवस्था रहेछ मलाई त विस्तृतमा थाहा नै थिएन ।

**तारादेवी :** हो त, हिजोभन्दा आज कति धेरै परिवर्तन आइसक्यो तर अझै धेरै गर्न बाँकी छ ।

**हर्क :** त्यही त है दिदी । अनि तपाईँ न्यायिक समितिको प्रमुख बन्नु भएको छ रे, कसरी मैले त बुझिनँ त ।

**तारादेवी :** हरेक पालिकाका उप-प्रमुखहरु त्यस पालिकाको लागि स्वत: न्यायिक समितिका प्रमुख हुन्छन् र जुन समितिले स्थानीय स्तरमा कसै विरूद्ध अन्यायको घटनाहरु दर्ता भएमा दुबै पक्षलाई छलफलमा बोलाएर न्याय दिने कार्य गर्दछ ।

**हर्क :** आज यो पनि स्पस्ट भयो । यो कुरा धेरैलाई थाहा हुँदैन रहेछ दिदी, म मेरा साथीहरुलाई पनि यो कुरा भन्छु र कोही अन्यायमा परेको बेलामा न्यायिक समितिमा जानू भन्छु है ।

**तारादेवी :** कति राम्रो सोच, मलाई अब गाउँपालिकाको कार्यलय जानुपर्ने छ । आज त्यहाँ दलितमाथि भएको विभेदको विषयमा छलफल गर्नछ, ढिलो हुन्छ ।

**हर्क :** त्यसो हो भने म पुऱ्याइदिन्छद्र दिदी नआत्तिनुहोस्, एक्कै छिन है म मोटरसाइकल झिक्छु ।

*(यति कुरा सकेर दुबै जना गाउँपालिकाको कार्यलयतिर लाग्छन्)*



## अभ्यास क्रियाकलाप

**माथिको संवादलाई आधार मानेर तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. सामाजिक समावेशिता भन्नाले के बुझ्नुभयो ?

उत्तर : ......................................................................................................................

......................................................................................................................

ख. के सामाजिक समावेशिताले कुनै खास वर्गलाई मात्र फाइदा पुऱ्याउने लक्ष्य राख्दछ ? कारणसहित उल्लेख गर्नुहोस् ।

उत्तर : ......................................................................................................................

......................................................................................................................

ग.  स्थानीय स्तरमा भएको न्यायिक समितिको मुख्य कार्य के हो र यसको नेतृत्व कसले गरेको हुन्छ ?

उत्तर : ..........................................................................................................................

..........................................................................................................................



## खोजमूलक क्रियाकलाप

**खोजी कार्य :**

१. तपाईंको वडामा गएर निर्वाचित प्रतिनिधिहरुलाई भेट्नुहोस् र समावेशिताको सवालमा वडाले के कस्ता कार्यहरु गरेको छ सोध्नुहोस् र ती कार्यहरुको सूची बनाउनु होस् । यदि कुनै कार्य भएको छैन भने नहुनुको कारण सोध्नुहोस् र उक्त कारणहरुको सूची बनाउनुहोस् । (यस ठाँउमा नअटेमा कापी अथवा डायरीमा लेख्न सक्नुहुनेछ)

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................


..........................................................................................................................

..........................................................................................................................

२. आफ्नो पालिकामा रहेको न्यायिक समितिका बारेमा जानकारी लिएर त्यस समितिमा भएका प्रमुख अथवा सदस्यलाई भेट्नुहोस् र तपाईंको पालिकामा न्यायिक समितिले के कस्ता घटनाहरुमा के कस्ता फैसला सुनाएको छ भनी अन्तर्वार्ता लिनुहोस् र तलको तालिकामा उल्लेख गर्नुहोस् (भेटेर अन्तर्वार्ता लिन असक्षम भएमा फोनको माध्यमबाट लिन सकिन्छ) (यस ठाँउमा नअटेमा कापी अथवा डायरीमा लेख्न सक्नुहुनेछ)

| घटनाको प्रकृति | न्यायिक समितिको फैसला |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

**हामीले सामाजिक समावेशिताका बारेमा केही कुरा बुझ्यौँ । त्यसोभए सामाजिक समावेशीकरण कसरी प्रवर्धन गर्ने त ? तलको चित्रहरू अध्ययन गरेर सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**



**माथिको चित्रमा तपाईंले के देख्नुहुन्छ**

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................



**माथि दिइएको चित्रमा के समाजका सबै वर्ग मिलेर समान काम गरेका छन् ? के यसलाई समावेशिता भन्न सकिन्छ ?**

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

**माथिका दुबै चित्रमा देखाए जस्तै समावेशिता कायम राख्न गर्न सकिने मुख्य दुई कुराहरू सामजिक भेदभाव हटाउनु र समान अवसर प्रदान गर्नु हो ।**

तलको तालिकामा भेदभाव उन्मूलन तथा समान अवसरको एक एक ओटा सामाजिक उदाहरण दिनुहोस्

| सामाजिक समावेशिताका लागि आवश्यक कुराहरू | सामाजिक उदाहरण |
|---|---|
| भेदभाव उन्मूलन | |
| समान अवसर | |

तपाईँले आफ्नो सामुदायको विविधताका बारेमा गर्नुभएको अध्ययन तथा आफ्नो अनुभवको आधारमा तपाईँ बसेको वडा वा क्षेत्रमा सामाजिक समावेशिताको अवस्था कस्तो पाउनुभएको छ ? तपाईँको क्षेत्रको सामाजिक समावेशिता बलियो बनाउन तपाईँ कस्तो भूमिका खेल्न सक्नुहुन्छ ?

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.........................................................................................................................................

## के तपाईलाई थाहा छ ?

» राज्यका सबै क्षेत्रमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, मधेसी, अल्पसङ्ख्यक जाती जनजातीहरूका लागि विशेष सुबिधा र आरक्षणको ब्यबस्था गरिएको छ

» कमैया, छाउपडी, हलिया, छुवाछुत, जातीय विभेद लगायतका कुप्रथाहरूको अन्त्य गर्न निती तथा कार्यक्रमहरू लागु गरि कार्यन्वयनमा ल्याईएको छ

» जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जातजातीका मानिसहरूको लागि सामाजिक सुरक्षाका कार्यक्रमहरू संचालन गरिएको छ

» पैत्रिक सम्पतिमा परिवारमा भएका छोरा र छोरीको समान हकको ब्यबस्था छ

» कुनै पनि दलले स्थानिय तहमा उम्मेदारी दिँदा प्रमुख र उपप्रमुख फरक फरक लिङ्गको हुनुपर्ने ब्यबस्था रहेको छ

» स्थानीय तहको वडा सदस्यमा दुई जना, गाउँ कार्यपालिकामा चार जना र नगर कार्यपालिकामा पाँच जना महिला सदस्यको सुनिश्चितता गरिएको छ

» स्थानीय तहको वडा सदस्यमा एक जना, गाउँ कार्यपालिकामा दुई जना र नगर कार्यपालिकामा तीन जना दलित अथवा पिछडीएको बर्गको प्रतिनिधित्व सुनिश्चितता गरिएको छ

» हरेक सार्वजनिक बिद्यालयहरूमा महिला, अपाङ्गता, दलित छात्रवृतिको ब्यबस्था गरिएको छ

## यस पाठमा सम्झनुपर्ने मुख्य बुँदाहरू

» समाजका हरेक वर्गलाई समाजमा पूर्ण रुपमा सहभागी हुन सक्षम बनाउनु नै खासमा समवेशिता हो ।

» सामाजिक समावेशिता कायम राख्न भेदभाव उन्मूलन र समान अवसर दिनुपर्दछ ।

» नेपालको जनगणना २०६८ अनुसार नेपालमा १२५ जातजातिहरु रहेका छन्, यहाँ १२३ प्रकारका भाषा बोलिन्छ र १० प्रकारका धर्म मान्ने मानिसहरु बस्दछन् ।

» नेपालको संविधानले सबै वर्गको अधिकारको ग्यारेन्टी गरेको छ ।

» नेपालको स्थानीय तहमा महिला, दलित तथा पिछिडएको वर्गको सहभागिता सुनिश्चित गरिएको छ ।

» स्थानीय तबरमा नगरपालिकामा उप-प्रमुख र गाउँपालिकामा उपाध्यक्षको नेतृत्वमा न्यायिक समिति गठन गरिएको हुन्छ जसले स्थानीय जनताको न्याय प्राप्तिका लागि कार्य गर्दछ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. समाजका हरेक वर्गले समान अवसर तथा पहुँच प्राप्त गर्नु नै सामाजिक समावेशिता हो । [ ]

ख. सामाजिक समावेशिता कायम राख्न एक अर्का बिचमा मनमुटाव राख्नुपर्छ ।

ग. समवेशितामा कुनै खास वर्गले लाभ पाउने उद्देश्य राखिएको हुन्छ ।

घ. हामीले बनाउने नीति तथा कार्यक्रमहरु हरेक वर्ग र क्षेत्र लक्षित हुनुपर्छ ।

ङ. सामाजिक समावेशिता प्राप्तिका मुख्य दुई कुराहरु समझदारी र साझेदारी हो ।

च. पिछिडएको क्षेत्र भन्नाले काठमाडौँ र यसको आसपास भन्ने बुझिन्छ ।

## पृष्ठपोषण

**माथिको घटनालाई आधार मानेर तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. राधालाई आफ्नो धारणा राख्नबाट किन रोक्न खोजियो होला ?

उत्तर : राधालाई महिला भनेर आफ्नो धारणा राख्नबाट रोक्न खोजियो होला ।

ख. पूर्व मुखियाले कमलालाई गरेको व्यवहारलाई तपाईंले कसरी लिनुहुन्छ ?

उत्तर : मेरो विचारमा पूर्व मुखियाले कमलालाई जातीय विभेदपूर्ण व्यवहार गरेका छन् ।

ग. यो घटनामा मुख्य गरी महिला तथा दलितका दुई ओटा समस्याहरु प्रस्तुत गरिएका छन् । ती के-के होलान् ?

उत्तर : यस घटनामा महिलामाथि पुरूषले गर्ने हेपाहा प्रवृति र दलितमाथि गैह्रदलितले गर्ने विभेद प्रस्तुत गरिएको छ ।

घ. के वडा अध्यक्षले सुनाएको निर्णय सही थियो ? किन ?

उत्तर : वडा अध्यक्षले सुनेको निर्णय सही थियो किनकि उनले सबैको विचार समेट्ने गरेर कसैलाई विभेद नहुने गरी निर्णय गरेका थिए ।

ङ. यस घटनाको अन्त्यमा गाँउका सबै मानिसहरुले सहज रुपमा खानेपानी प्राप्त गर्न सके, यसको पछाडिको कारणहरु के के होलान् ?

उत्तर : यसको कारण सबैको सहभागितामा निर्णय भएको तथा सबैलाई मान्य हुनेगरी योजना बनेको कारणले होला ।

**माथिको संवादलाई आधार मानेर तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

घ. सामाजिक समावेशिता भन्नाले के बुझ्नुभयो ?

उत्तर : सामाजिक समावेशिता भनेको सामाजिक विकासको क्षेत्रबाट पछि पारिएका जाति, जनजाति, लिङ्ग, दलित, उत्पीडित उपेक्षित तथा भौगोलिक क्षेत्रलाई सामाजिक विकासको विभिन्न क्षेत्रमा समान रुपमा सहभागी गराइ सामाजिक विकासलाई तीव्रता दिने कार्य हो ।

ङ. के सामाजिक समावेशिताले कुनै खास वर्गलाई मात्र फाइदा पुऱ्याउने लक्ष्य राख्दछ ? कारणसहित उल्लेख गर्नुहोस् ।

उत्तर : राख्दैन, यसले समाजका हरेक क्षेत्रका मानिसका मानिसलाई फाइदा पुऱ्याउने लक्ष्य राख्दछ ।

च. स्थानीय स्तरमा भएको न्यायिक समितिको मुख्य कार्य के हो र यसको नेतृत्व कसले गरेको हुन्छ ?

उत्तर : समितिले स्थानीय स्तरमा कसै विरूद्ध अन्यायको घटनाहरु दर्ता भएमा दुवै पक्षलाई छलफलमा बोलाएर न्याय दिने कार्य गर्दछ । हरेक पालिकाका उप-प्रमुखहरु त्यस पालिकाको लागि न्यायिक समितिका प्रमुख हुन्छन् ।

**हामीले सामाजिक समावेशिताका बारेमा केही कुरा बुझ्यौं । त्यसो भए सामाजिक समावेशीकरण कसरी प्रवर्धन गर्ने त ? तलका चित्रहरू अध्ययन गरेर सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

माथिको चित्रमा तपाईंले के देख्नुहुन्छ ?

उत्तर : माथिको चित्रमा फरक फरक मानिसहरु एकै ठाउँमा बसेर छलफल गरिरहेको देखिन्छ जहाँ एकजना महिला, केही अपाङ्गता भएका व्यक्तिहरु, एकजना वृद्ध टेबलको वरिपरी बसेर गाउँको मुद्दामा छलफल गरिरहेका छन् ।

माथि दिइएको चित्रमा के समाजका सबै वर्ग मिलेर समान काम गरेका छन् ? के यसलाई समावेशिता भन्न सकिन्छ ?

उत्तर : हो यहाँ सबै जना मिलेर समान काम गरेका छन् जसलाई समावेशिता भन्न सकिन्छ ।

**तलको तालिकामा भेदभाव उन्मूलन तथा समान अवसरको एक एक ओटा सामाजिक उदाहरण दिनुहोस्**

| सामाजिक समावेशिताका लागि आवश्यक कुराहरू | सामाजिक उदाहरण |
|---|---|
| भेदभाव उन्मूलन | समाजमा भएका हर जातजातिलाई कुनै पनि विभेद नगरी हरेक निर्णय प्रक्रियामा सामेल गराउनु, |
| समान अवसर | समाजमा भएका सबै वर्गका तथा लिङ्गका मानिसलाई एकै खालको अवसर दिने, |

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. समाजका हरेक वर्गले समान अवसर तथा पहुँच प्राप्त गर्नु नै सामाजिक समावेशिता हो । ✓

ख. सामाजिक समावेशिता कायम राख्न एक अर्का बिचमा मनमुटाब राख्नु पर्छ ।

ग. समवेशितामा कुनै खास वर्गले लाभ पाउने उद्देश्य राखिएको हुन्छ । ✗

घ. हामीले बनाउने नीति तथा कार्यक्रमहरु हरेक वर्ग र क्षेत्र लक्षित हुनुपर्छ । ✓

ङ. सामाजिक समावेशिता प्राप्तिका मुख्य दुई कुराहरु समझदारी र साझेदारी हो । ✓

च. पिछिडएको क्षेत्र भन्नाले काठमाडौं र यसको आसपास भन्ने बुझिन्छ । ✗

# पाठ 3 लैङ्गिक तथा अपाङ्गता समावेशिता

के तपाइँको घरमा महिलाको विचार पनि सुन्ने गरिन्छ ? के सामाजिक काममा महिलाहरुलाई पनि सामेल गरिन्छ ? के तपाइँको काम गर्ने ठाउँमा महिला पुरूषलाई भेदभाव गरिँदैन ? के समान कामको तलब वा ज्याला पनि महिला पुरूषको समान नै छ ? के तपाईँले हेर्दा महिला तर पुरूषको जस्तो आचरण तथा हेर्दा पुरूष तर महिलाको जस्तो आचरण भएको मानिस देख्नुभएको पक्कै होला वा सुन्नु भएको होला ? त्यस्तै महिला वा पुरूषभन्दा अलि फरक शारीरिक बनोट भएको मानिसहरु देख्नुभएको होला ? तपाईँले पक्कै पनि समाजमा दृष्टिविहिन, कान नसुन्ने, हिड्न नसक्ने, बोल्न नसक्ने, उमेर अनुसार शरीर विकास नभएको जस्ता समस्या भएका व्यक्तिहरु देख्नु भएको छ वा सुन्नु भएको छ । यस पाठमा हामी महिलाहरुले प्राप्त गरेका अवसर, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएकाहरुले भोगेका चुनौती तथा यी वर्गहरुको अधिकार संरक्षणमा स्थानीय तबरमा भइरहेका प्रयासहरु बारे छलफल गर्नेछौँ ।

सर्वप्रथम ननुकुमारी दासको सफलताको कथा अध्ययन गरौँ :

### पढौँ र मनन गरौँ

**ननुकुमारी दासको कथा**

ननुकुमारी दास जनता समाजवादी पार्टीबाट पिपरा गाउँपालिका उपाध्यक्ष निर्वाचित भएकी हुन् । गाउँपालिका उपाध्यक्षमा १२ जनालेउम्मेदवारी दिएका थिए । ती मध्ये पाँचजना पुरूष थिए । उनले एमालेका पुरूष उम्मेदवारलाई पराजित गर्दै उनीउपाध्यक्ष निर्वाचित भइन् । गाउँपालिका अध्यक्ष विनोद चौधरीको निधन भएपछि उनले ६ महिना निमित्त अध्यक्षको जिम्मेबारी पनि सम्हालिन् । कार्यवाहक हुँदा पनि राम्रोसँग काम गरेको उनको अनुभव छ ।

१६ वर्षमै विवाह र त्यसको एक वर्षमै आमा बनेकी उनले राजनीतिमा आउने कल्पनासम्म गरेकी थिइनन् । बिहे भएको वर्षदिनपछि उनले पपराकै सहोडवा स्थित विद्यालयबाट एसएलसी उत्तीर्ण गरिन् । जनप्रतिनिधि बनेपछि पनि पढाइलाई निरन्तरता दिएकी उनी अहिले कक्षा १२मा अध्ययनरत छिन् ।

वैदेशिक रोजगारीमा रहेका पति र स्थानीय राजनीतिमै सक्रिय ससुराको मन्जुरीमा उनलाई उपाध्यक्षको उम्मेदवार बनाइएको थियो । राजनीतिसँग कुनै सरोकार नरहेकी गृहिणी अचानक निर्वाचित भई जनसेवामा लाग्न सहज थिएन तर गाउँपालिका अध्यक्ष चौधरी र ससुराले नै काम गर्ने वातावरण तयार पारिदिएको उनी बताउँछिन् । 'काम गर्ने वातावरण हुनुपर्ने रहेछ, वातावरण पाएकैले मैले काम गर्न सकेँ,' उनी भन्छिन् ।

उपाध्यक्ष निर्वाचित भएपछि आफ्नो जीवनमा आमूल परिवर्तन आएको उनको अनुभव छ । गएको तीन वर्षलाई जीवनको स्वर्णिम समय मानेकी छिन्, दासले । निर्वाचित भएपछि तालिम रदक्षता अभिवृद्धि गर्ने अवसर पाएको उनी बताउँछिन् । उनले दलित समुदायको उत्थानमा शिक्षाको अपरिहार्यता बुझेकी छन् । 'त्यसैले दलित बालबालिकालाई शिक्षामा समान अवसर दिलाउन लागिपरेकी छु,' उनी भन्छिन्, स्थानीय सरकारका तर्फबाट दलित बालबालिकालाई युनिफर्म वितरण गर्दै छौँ । त्यति मात्र उनीहरुका लागि पर्याप्त होइन, बाँकी कार्यकालमा अझ बढी काम गर्ने लक्ष्य छ ।

उनको बालविवाह भएको हो । त्यसैले बालविवाह विरूद्धस चेतना जगाउन लागिपरेकी छिन् । तीन वर्षमा

महिलालाई सीपमूलक कार्यक्रम सञ्चालन गरेको र त्यसको सकारात्मक प्रभाव देखिएको उनी बताउँछिन् । आफूले अवसरसँगै काम गर्ने वातावरण पाएको उनी बताउँछिन् ।

*(साभारः नयाँ पत्रिका दैनिक, यो आलेख नयाँ पत्रिका राष्ट्रिय दैनिकमा २०७७ साल माघ १४ गते प्रकासित भएको थियो )*



## अभ्यासात्मक क्रियाकलाप

**अब तलका प्रश्नहरूको उत्तर दिनुहोस**

क. के ननुकुमारी दासको सफलतामा सामाजिक समावेशिताको उदाहरण झल्कछ ? कसरी ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

ख. तपाईंको विचारमा ननुकुमारीलाई गाउँपालिकाको उपाध्यक्ष हुन कसरी सम्भव भयो ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

ग. के ननु कुमारी जस्ता महिलाहरु राजनीतिक नेतृत्वमा आउनु पर्छ? किन?

उत्तर : ..............................................................................................................

..............................................................................................................

घ. ननु कुमारीले गाउँपालिका उपाध्यक्ष भइसकेपछि गरेका मुख्य कार्यहरु के के हुन् ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

ङ. तपाईंको विचारमा गाउँपालिका उपाध्यक्ष भइसकेपछि ननु कुमारीले अनुभव गरेका मुख्य मुख्य परिवर्तनहरु के के हुन सक्छन् ?

उत्तर : ...........................................................................................................................

...........................................................................................................................



## सिकाइ क्रियाकलाप

माथिको घटनामा सामन्य घरमा जन्मेकी ननुकुमारीले नेतृत्वमा अवसर प्राप्त गरेको र त्यस अवसरलाई अरुको हितमा प्रयोग गरेको सफलताको कुरा देखाइएको छ । तपाईंको वडामा निर्वाचित २ जना महिला जन प्रतिनिधि हुन्छन्, ती दुई महिला जनप्रतिनिधि मध्ये कुनै एक जना प्रतिनिधिलाई प्रतक्ष्य रुपमा गएर भेट्नुहोस् (सम्भव नभएमा फोनबाट सम्पर्क गर्न सक्नुहुन्छ) र जनप्रतिनिधि भइसकेपछि उहाँको जीवनमा के कस्ता परिवर्तनहरु अनुभव गर्नं भयो भनी सोध्नुहोस् र त्यसलाई कापी अथवा डायरीमा टिपोट गर्नंहोस् । उहाँको आफ्नो वडा प्रतिको योजनाबारे जानकारी लिनुहोस्। उहाँको अनुभव र योजनालाई बुँदागत रुपमा छोटकरीमा तल लेख्नुहोस् ।

**मुख्य मुख्य अनुभवहरू**

१. ...........................................................................................................................

२. ...........................................................................................................................

३. ...........................................................................................................................

४. ...........................................................................................................................

५. ...........................................................................................................................

**मुख्य मुख्य योजनाहरू**

१. ...........................................................................................................................

२. ...........................................................................................................................

३. ...........................................................................................................................

४. ...........................................................................................................................

५. ...........................................................................................................................

माथिको उदाहरणमा हामीले लैङ्गिक समावेशीताको एउटा सुन्दर उदाहरण अध्ययन गर्ने मौका पायौँ । लैङ्गिक समावेशिताको कुरा गर्दा हामीले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको समावेशितालाई नजरअन्दाज गर्न मिल्दैन । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकभित्र त्यस्ता समूहहरु पर्दछन् जसले महिला र पुरूष भन्दा फरक स्वभाव देखाउँछन् । आज हामी त्यस्तै एक जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार संरक्षणमा लामो समयदेखि कार्यरत एक जना व्यक्तिको सफलताको कथा सुनाउन गइरहेका छौँ ।

## भूमिकाको जीवन भोगाइको कथा

जब म जन्मिएँ मेरा आमाबाबु धेरै खुसी हुनुहुन्थ्यो किनभने उहाँहरुले छोरा जन्माउनु भएको थियो र नेपाली समाजमा छोरा हुनुको महत्त्व तपाईँलाई राम्ररी थाहा छ । जब म हुर्किंदै गए मेरो व्यवहार केटी जस्तै थियो । म केटी बन्न चाहन्थेँ र केटी जस्तै व्यवहार गर्थें । मेरो जीवनको प्रत्येक चरणमा मेरो बानी केटाको होइन केटीको थियो । मेरो आमाबुवाको चाहना थियो कि म असल छोरा बनेर विदेश गई परिवारको पालनपोषण गर्न सक्षम बनूँ जुन प्राय नेपाली आमाबाबुको चाहना हुन्छ ।

म सानो छँदा समाजमा तेस्रो लिङ्गीका विषयमा चेतनाको अभाव थियो । मानिसहरुले सोच्थे कि हामी, तेस्रो लिङ्गी, अप्राकृतिक छौँ । मेरो स्कुलमा केटीजस्तो व्यवहार गर्ने म एक्लो केटा थिएँ । मेरो लागि विद्यालय एकदम गाह्रो थियो किनकि मेरो शौखहरु नाच्ने, आँखाको परेला मिलाउने , लिपस्टिक लगाउने, केटीको लुगा लगाउने जस्ता थिए । नेपाल जस्तो विकासोन्मुख देशमा तेस्रो लिङ्गी भएकाले मेरो औपचारिक अध्ययनलाई निरन्तरता दिन निकै गाह्रो भयो । मैले कक्षा नौ सम्म मात्र औपचारिक शिक्षा पाएको थिएँ । म कक्षा ९ मा हुँदा मेरा प्रधानाध्यापकले मलाई केटी जस्तो व्यवहार नगर्न, केटीसँग खेल्न नदिने धम्की दिएका थिए तर मैले आफ्नो व्यवहार परिवर्तन गर्न सकिनँ र परिवर्तन गर्न सम्भव थिएन पनि । मेरो व्यवहार धेरै केटी जस्तो थियो र म केवल केटीहरुसँग मित्रता गर्ने गर्थें जसले गर्दा अन्ततः मलाई विद्यालयमा पढ्ने वातावरण भएन र पढाइलाई बिचमै छोड्ने अवस्था आयो । मैलेएस. एल. सी. दिने अवसर प्राप्त गर्न सकिनँ । पछि मैले म जस्तै अन्य साथीहरुको हितमा काम गर्ने अटोठ गरेँ र निल हिरा समाज (Blue Diamond Society) संस्था मार्फत लैङ्गिक तथा अल्पसङ्ख्यक वर्ग उत्थानमा लागि आफ्नो जीवन समर्पित गरेको छु । आज मैले नेपालको यौनिक तथा लैङ्गिक क्षेत्रमा क्रियाशील भएर अन्तराष्ट्रिय स्तरमा ख्याती कमाइरहेको छु र विभिन्न अन्तर्राष्ट्रिय पुरस्कार बाट सम्मानित हुन पुगेको छु ।

*(माथि प्रस्तुत गरिएको आत्मकथा निल हिरा समाजकी भूमिका श्रेष्ठको हो । विभिन्न सञ्चार माध्यमलाई दिइएको अन्तर्वार्ताको सम्पादित अंश प्रस्तुत गरिएको हो)*



## अभ्यास क्रियाकलाप

**यस आत्मकथालाई आधार मानेर तल दिईएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. यस कथामा भूमिकाले कस्तो विभेदको सामना गर्नं पर्‍यो ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

ख. भूमिकालाई विद्यालयमा पढ्ने वातावरण नहुनुको पछाडिका कारणहरु के हुन सक्छन् ?

उत्तर : ..............................................................................................................................................

..............................................................................................................................................

ग. भूमिकालाई आफ्नो सामूदायको हितमा काम गर्ने प्रेरणा कसरी प्राप्त भयो होला ? आफ्नो विचार लेख्नुहोस् ।

उत्तर : ..............................................................................................................................................

..............................................................................................................................................

घ. तपाईंको विचारमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमा हुने विभेद अन्त्यका लागि स्थानीय स्तरमा गर्न सकिने कुनै दुई ओटा कार्यहरू उल्लेख गर्नुहोस् ?

उत्तर : ..............................................................................................................................................

..............................................................................................................................................

**यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकसम्बन्धी प्रकाशन भएका सामग्रीहरू जस्तै : युट्युब, अनलाइन समाचार पोर्टल, पत्रपत्रिका अथवा अन्य श्रोतको प्रयोग गरी, उनीहरूले भोगेका सामाजिक विभेदहरूको जानकारी सङ्कलन गर्नुहोस् र मुख्य मुख्य विभेदलाई ४-५ बुँदामा उल्लेख गर्नुहोस् ।**

१. ..............................................................................................................................................

..............................................................................................................................................

२. ..............................................................................................................................................

..............................................................................................................................................

३. ..............................................................................................................................................

..............................................................................................................................................

४. ..............................................................................................................................................

..............................................................................................................................................

५. ..............................................................................................................................................

..............................................................................................................................................

**माथि सङ्कलन गरिएका विभेदहरूलाई अन्त्य गर्न अथवा निराकरण गर्न तपाईँले व्यक्तिगत रूपमा केही भूमिका खेल्न सक्नुहुन्छ तपाईँले खेल्न सक्ने भूमिकाका बारेमा सङ्क्षिप्तमा टिपोट गर्नुहोस् ।**

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

## थाहा पाउनुपर्ने कुरा

- पुरूष र महिला भन्दा फरक पहिचान भएका व्यक्तिलाई यौनिक वा लैङ्गिकअल्पसङ्ख्यक भनिन्छ
- महिला- महिला संग आकर्सित हुनु तथा पुरूष पुरूष संग आकर्षित हुने समुहलाई समलिङ्गी भनिन्छ
- जन्मले महिला तर पुरूषको आचरण लागु गर्ने तथा जन्मदा पुरूष तर महिलाको आचरण लागु गर्ने समुह तेस्रो लिङ्गीमा पर्दछन
- नेपालको प्राचिनकाल देखिनै चाडबाड तथा जात्राहरूमा तेस्रोलिङ्गीको अभ्यास भएको देखिन्छ
- धार्मिक रूपमा तेस्रोलिङ्गी तथा समलिङ्गी ब्यबहारलाई सहज मान्यता दिएको पाइन्छ
- नेपालको संबिधानले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार ग्यारेन्टी गरेको छ
- यौनिक तथा लैङ्गिकअल्पसङ्ख्यक बिरूद्ध गरिने भेदभाव कानुनद्वारा दण्डनीय रहेको छ

माथिका विषयवस्तुहरु लैङ्गिक विभेद तथा समावेशितासँग सम्बन्धित थिए । समावेशिताको सवालमा अर्को छुटाउन नमिल्ने क्षेत्र भनेको अपाङ्गता हो । पाठको यस भागमा हामी अपाङ्गता समावेशितासम्बन्धी जानकारी हासिल गर्नेछौँ ।

### तल दिइएको खोमरी र बन्दु महतो बिचको संवाद पढ्नुहोस् र मनन गर्नुहोस् ।

अर्को हप्ता डिसेम्बर ३ आउँदै थियो जुन दिन संसार भर अपाङ्गता दिवस मनाइन्छ । अपाङ्गता दिवसको दिन पारेर हाम्रो युवा क्लब सप्तरीले आफ्नो वडा कार्यलय र नगरपालिकाको सहयोगमा आफ्नो वडाका अपाङ्गता भएकाहरुलाई अपाङ्गमैत्री सामग्री वितरण गर्ने कार्यक्रम राखेको छ । उक्त कार्यक्रमका प्रमुख अथितिका रुपमा नगरपालिकाका प्रमुखलाई निम्तो दिइएको छ । पालिकाकै सहयोग भएको हुँदा कार्यक्रम भव्य र सभ्य बनाउनुपर्ने दायित्व क्लबलाई छ तर क्लबका अध्यक्ष खोमरी यादवलाई अपाङ्गतासम्बन्धी धेरैभन्दा धेरै जानकारी हासिल गर्नु छ । त्यस्तोमा उनले सप्तरी अपाङ्गता सङ्घका अध्यक्ष बन्दु महतोसँग समय मागिन् र उनीसँग कुरागर्न उनको कार्यलयतर्फ लागिन् ।



**खोमरी :** सर नमस्कार ! मेरो नाम खोमरी यादव हो, म हाम्रो युवा क्लब सप्तरीको अध्यक्ष हुँ, अर्को हप्ता हामीले नगरपालिकासँग मिलेर अपाङ्गता भएकालाई सम्मान र अपाङ्गमैत्री सामग्री हस्तान्तरण गर्ने योजना बनाएका छौं, यसै सिलसिलामा अपाङ्गतासम्बन्धी जानकारी लिऊँ भनेर हजुरकोमा आएको एकछिन समय दिनुहोला है ।

**बन्दु महतो :** भै हाल्छ नि खोमरी जी, कति राम्रो योजना बनाउनुभएको रहेछ, तपाईँलाई के सोध्नु छ ? मैले जानेको कुरा बताउँछु ।

**खोमरी :** अर्को हप्ता डिसेम्बर ३ मा अपाङ्गता दिवस आउँदै छ, यो कहिलेदेखि सुरू भएको हो सर ?

**बन्दु महतो :** सन १९९२ मा राष्ट्रसङ्घद्वारा डिसेम्बर ३ लाई विश्वभर अपाङ्गता भएका व्यक्तिहरुको दिवसका रुपमा प्रत्येक वर्ष मनाउने निर्णय गर्यो । नेपालमा पनि सोही वर्षदेखि हरेकवर्ष अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिएको छ ।

**खोमरी :** ओहो ! कस्तो राम्रो सर, अनि यो दिवस मनाउने मुख्य उद्देश्य चाहिँ के हो नि ?

**बन्दु महतो :** अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्धन र अवसर समानीकरणप्रति विश्व समुदायको ध्यान आकर्षित गर्न र अपाङ्गता भएका व्यक्तिप्रति हुने सबै प्रकारका भेदभाव, हिंसा र दुव्यवहार विरुद्ध लड्न प्रेरित गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ ।

**खोमरी :** ए ! बल्ल पो मैले बुझें किन अपाङ्ग दिवस मनाउने हो भनेर । अनि सर, मैले धेरै थरीका अपाङ्गता देखेको छु, खासमा अपाङ्गताभित्र के के पर्छ सर ?

**बन्दु महतो :** अपाङ्गता धेरै प्रकारका हुन्छन् खोमरी, शारीरिक र मानसिक दुबै खालका अपाङ्गताहरु हुन्छन् ।

**खोमरी :** केही उदाहरण दिनुहुन्थ्यो कि सर !

**बन्दु महतो :** कसैको शरीरका अङ्गहरुमा समस्या आएर निम्त्याउने कठिनाइ जस्तै हिँडडुल गर्न गाह्रो हुने, शरीरको कुनै अङ्ग सञ्चालन तथा प्रयोग गर्न कठिनाइ हुनु शारीरिक अपाङ्गता हो । यीबाहेक आँखासम्बन्धी समस्याले निम्त्याउने कठिनाइ दृष्टिसम्बन्धी अपाङ्गता हो भने सुनाइसम्बन्धी समस्या भएको सुनाइ श्रवणसम्बन्धी अपाङ्गता हो । कुनै व्यक्तिमा सुनाइ र हेराइ दुवैमा समस्या हुनु चाहिँ श्रवण दृष्टि अपाङ्गता हो भने स्वर र बोलाइसम्बन्धी समस्या हुनु पनि अपाङ्गता नै हो ।

**खोमरी :** ओहो सर ! मलाई त थाहा नै थिएन अपाङ्गताभित्र यति धेरै कुराहरु पर्छन् भनेर ।

**बन्दु महतो :** त्यति मात्र कहाँ हो र खोमरी; मस्तिष्क वा मानसिक अङ्गमा आएको समस्याको कारणले हुने अपाङ्गता मानसिक अपाङ्गता हो । उमेरअनुसार सोच तथा बौद्धिक विकास नहुनु पनि बौद्धिक अपाङ्गता हो । जन्मजात नसा वा तन्तुको विकास र सोको कार्यमा समस्या भएको अवस्थालाई पनि अपाङ्गता नै मानिन्छ जसलाई हामी अटिजम भन्छौं । अर्को कुरा धेरै एउटै व्यक्तिमा नै दुई वा सोभन्दा बढी थरीका अपाङ्गता छन् भने त्यसलाई बहुअपाङ्गता भनिन्छ ।

**खोमरी :** अपाङ्गताभित्र कति धेरै कुराहरु पर्ने रहेछन् है सर । अनि सर अपाङ्गता भएकाहरुलाई हाम्रो नगरपालिकाले के कस्ता कार्यक्रमहरु लागु गरेको छ ? सरलाई केही थाहा थियो कि ।

**बन्दु महतो :** तपाईँलाई थाहा छैन, हाम्रो नगरपालिकामा अपाङ्गता भएका मानिसहरुलाई हेर्न छुट्टै कार्यलय छ, जसले हाम्रो पालिकामा भएका फरक फरक किसिमिका अपाङ्गता भएका मानिसहरुको तथ्याङ्क सङ्कलन गर्छ उनीहरुको आवश्यकता पहिचान गर्दछ ।

**खोमरी :** अनि पालिकाबाट आर्थिक सहयोग पनि हुन्छ ?

**बन्दु महतो :** हुन्छ नि, अपाङ्गतालाई नेपाल सरकारले उनीहरुको अवस्था अनुसार ४ भागमा बाँडेको छ । जसमध्ये पूर्ण अशक्त र अति अशक्तलाई राज्यले प्रतिमहिना क्रमसः रू २००० र ६०० उपलब्ध गराउँछ । त्यसमा हाम्रो नगरपालिकाले ५०० रुपमा प्रतिमहिना थपिदिन्छ । पूर्णअशक्तलाई “क” वर्गमा वर्गीकरण गरी रातो रङको परिचय पत्रको व्यवस्था गरिएको छ भने अतिअशक्तलाई “ख” वर्गमा वर्गीकरण गरी निलो रङको परिचय पत्रको व्यवस्था गरेको छ । अनि नगरपालिकाले विद्यालयमा पढ्नलाई छात्रवत्ति, निःशुल्क उपचार तथा उनीहरुलाई आवश्यक पर्ने सामग्रीहरु पनि बेला बेलामा दिने गरेको छ ।

**खोमरी :** पूर्णअशक्त र अतिअशक्त भनेर कसरी छुट्टाउने सर ?

**बन्दु महतो :** एकदम राम्रो कुरा सोध्नुभयो । आफ्नो दैनिक क्रियाकलाप गर्न निरन्तर रुपमा अरुको सहयोग लिँदा पनि कठिनाई हुने अवस्था पूर्ण अशक्त अवस्था हो भने दैनिक तथा सामाजिक क्रियाकलाप गर्न निरन्तर अरुको सहयोग लिनुपर्ने अवस्था अतिअशक्त अवस्था हो ।

**खोमरी :** सरले अघि ४ फरक वर्गको अपाङ्गताको कुरा गर्न भएको थियो अन्य दुई चाहिँ कुन हुन् त सर ।

**बन्दु महतो :** अरु दुई भनेको मध्यम अपाङ्गता र सामान्य अपाङ्गता हो, जसलाई क्रमस “ग” र “घ” वर्गमा वर्गीकरण गरि क्रमशः पहेँलो र सेतो परिचय पत्र दिइन्छ । मध्यम अपाङ्गता भनेको अरुको सहयोग लिई वा नलिई नियमित क्रियाकलाप गर्न सक्ने अवस्था हो भने सामान्य अवस्था भनेको नियमित रुपमा आफ्नो क्रियाकलाप गर्न सक्ने अवस्था हो । यी दुई समूहका मानिसहरुलाई पनि नगरपालिकाले आवश्यकताअनुसार सहयोग पुर्‍याउने गर्दछ ।

**खोमरी :** ओहो, नगरपालिकाले त धेरै नै राम्रो गरेको रहेछ त सर, म यो कुरा मेरा क्लबका अन्य साथीहरुलाई पनि सुनाउँछु । सरलाई धेरै धेरै धन्यवाद म फेरि केही बुझिनँ भने सम्पर्क गर्छु है ।

**बन्दु महतो :** भइहाल्छ नि, तपाईँलाई कार्यक्रमका लागि धेरै धेरै शुभकामना है ।

*(खोमरी त्यसपछि आफ्नो क्लबतिर जान्छिन् र डिसेम्बर ३ को कार्यक्रमका लागि साथीहरूसँग छलफल गर्छिन् )*

**तल बाँयातर्फ सात किसिमका अपाङ्गता राखिएको छ, यी अपाङ्गताका विशेषताहरू दायातर्फ राखिएको छ । अब बाँया तर्फको कुन अपाङ्गको विशेषता दायाँसँग मिल्छ, दायाँतर्फ कोष्ठक नं दिनुहोस् ।**

| | | |
|---|---|---|
| १. दृष्टिसम्बन्धी अपाङ्गता | | उमेर अनुसार बौद्धिक विकास नहुनु |
| २. श्रवणसम्बन्धी अपाङ्गता | | शरीरको कुनै अङ्गमा आएको समस्या |
| ३. दृष्टि श्रवण अपाङ्गता | | मस्तिष्कको समस्याले निम्त्याउने कठिनाइ |
| ४. बौद्धिक अपाङ्गता | | आँखाले राम्ररी काम गर्न नसक्नु |
| ५. अटिजम सम्बन्धी अपाङ्गता | | जन्मजात नसा वा तन्तुको विकासमा समस्या |
| ६. शारीरिक अपाङ्गता | | कानले राम्ररी सुन्न नसक्ने अवस्था |
| ७. मानसिक अपाङ्गता | | सुनाइ र हेराइ दुबै खालको समस्या हुनुलाई |

**तपाईं आफ्नो वडा कार्यलयमा गएर तपाईंको वडामा भएका फरक फरक किसिमका अपाङ्गताको तथ्याङ्क सङ्कलन गर्नुहोस् र ती अपाङ्गता भएकाहरूलाई वडाले के कस्तो सहयोग पुऱ्याएको छ उल्लेख गर्नुहोस् ।**

| वडामा भएका अपाङ्गताको किसिम | वडा कार्यलयले पुऱ्याएको सहयोग |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

**माथिको संवादमा खोमरीले जस्तै तपाईंले पनि तपाईंको क्षेत्रमा कार्यरत अपाङ्गताहरूको निम्ति काम गरी रहेका कुनै सङ्घसंस्थाका प्रतिनिधिहरूलाई प्रतक्ष रूपमा गएर भेट्नुहोस् र उनीहरूले अपाङ्गताका क्षेत्रमा कसरी कार्य गरिरहेका छन् भनी जानकारी सङ्कलन गरी एउटा छोटो रिपोर्ट तयार पार्नुहोस् ।**

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

## के तपाईंलाई थाहा छ ?

» विश्व स्वास्थ्य संगठनले विश्वमा कुल जनसंख्याको ७ देखि १० प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता हुन सक्ने अनुमान गरेको छ।

» नेपालको संविधान अनुसार अपाङ्गता भएका र आर्थिक रूपले बिपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुन्छ ।

» नेपालको संविधान अनुसार अपाङ्गता भएका नागरिकलाई बिबिधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपुर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँच हुने छ ।

» सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालमा अपाङ्गता भएकालाई निशुल्क स्वास्थ्य परिक्षण तथा उपचारको प्रावधान छ । त्यसै गरेर ४१ प्रकारका औषधीहरू सरकारी अस्पतालहरूबाट निशुल्क रूपमा प्राप्त गर्ने व्यबस्था गरेको छ ।

» सरकारी सेवामा अपाङ्गताका लागि आरक्षणको व्यबस्था गरिएको छ ।

» राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट एक जना अपाङ्गता सुनिश्चित गरिएको छ भने प्रदेश सभा र प्रतिनिधि सभाको समानुपातिक सुचिमा अपाङ्गता भएकालाई समावेस गर्नुपर्ने संबैधानिक व्यबस्था छ ।

## यस पाठमा सम्झनुपर्ने मुख्य बुँदाहरू

- » शारीरिक अथवा मानसिक रुपले कुनै न कुनै कठिनाइ भएको अवस्था अपाङ्गता हो ।
- » नेपालको संविधानले अपाङ्गता भएकाहरुको अधिकारको ग्यारेन्टी गरेको छ ।
- » अशक्तताको गम्भीरताको आधारमा पूर्ण अशक्तलाई रातो रङको परिचय पत्र, अति अशक्तलाई नीलो रङको परिचय पत्र, मध्यम अशक्तलाई पहेँलो रङको परिचय पत्र र सामान्य अशक्तलाई सेतो रङको परिचय पत्रको व्यवस्था गरिएको छ ।
- » हाल रातो परिचय पत्र भएका अपाङ्गहरुले मासिक २००० र निलो परिचय पत्र भएकाहरुले मासिक ६०० सुरक्षा भत्ता प्राप्त गर्दछन यद्यपि यो रकम स्थानीय तहअनुसार फरक फरक हुन सक्छ । साथै निःशुल्क स्वास्थ्य सेवा तथा अन्य सार्वजनिक सेवामा छुट पाउँछन् ।
- » अपाङ्गता भएकाहरु पनि साधारण मानिस भएकाले उनीहरुलाई उचित व्यवहार गरेर समाजमा घुलमिल हुने वातावरण बनाउनुपर्दछ

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. नेपालमा धार्मिक रुपमा पहिलेदेखि नै तेस्रोलिङ्गी तथा समलिङ्गीको व्यवहारलाई सहज रुपमा स्वीकार गरिएको छ । ☐

ख. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहमाथि हुने कुनै पनि दुर्व्यवहार तथा विभेदका विरूद्ध कानुनी उपचारमा जान सकिन्छ । ☐

ग. उमेरअनुसार बौद्धिक विकास हुन नसक्नु सामान्य प्रक्रिया हो । ☐

घ. दुई अथवा सो भन्दा बढी अपाङ्गता एकै व्यक्तिमा भएकालाई द्विअपाङ्गता भनिन्छ । ☐

ङ. अपाङ्गता भएकाहरुको अधिकार संरक्षण र प्रवर्धन गर्ने उद्देश्यले हरेक वर्ष डिसेम्बर ३ तारिकका दिन अपाङ्गता दिवस मनाइन्छ । ☐

च. लैङ्गिक तथा अपाङ्गताको सवालमा नेपालको संविधानले प्रस्ट रुपमा कुनै पनि विभेदलाई निषेध गरेको छ । ☐

## पृष्ठपोषण

**अब तलका प्रश्नहरूको उत्तर दिनुहोस्**

**क. के ननुकुमारी दासको सफलतामा सामाजिक समावेशिताको उदाहरण झल्कछ ? कसरी ?**

उत्तर : हो उनको सफलतामा सामजिक समावेशिताको उदाहरण झल्कन्छ किनकि एकजना गृहिणी पनि गाउँपालिकाको उपाध्यक्ष जस्तो पदमा पुग्न सक्छिन् भन्ने कुरा देखाइएको छ ।

ख.	तपाईंको विचारमा ननुकुमारीलाई गाउँपालिकाको उपाध्यक्ष हुन कसरी सम्भव भयो ?

उत्तर : मेरो विचारमा घर परिवारको साथ र आफ्नै समाजका लागि केही गर्छु भन्ने मिहेनतले गर्दा सम्भव भयो ।

ग.	के ननुकुमारी जस्ता महिलाहरु राजनीतिक नेतृत्वमा आउनु पर्छ? किन?

उत्तर : हो उनी जस्ता महिलाहरु राजनीतिक नेतृत्वमा आउनुपर्छ किनकि उनी जस्ता महिलाहरुले मात्र वास्तविक महिला तथा परिवारको मर्म तथा आवश्यकता बुझ्न सक्छन् र इमान्दार भएर महिलाको हकहितमा काम गर्न सक्छन् ।

घ.	ननुकुमारीले गाउँपालिका उपाध्यक्ष भइ सकेपछि गरेका मुख्य कार्यहरु के के हुन ?

उत्तर : उनी दलित बालबालिकालाई शिक्षामा समान अवसर दिलाउन लागिपरेकी छिन् , बालविवाहविरूद्ध सचेतना जगाउन लागिपरेकी छिन्, महिलालाई सीपमूलक कार्यक्रम सञ्चालन गर्दै आएकी छिन् ।

ङ.	तपाईंको विचारमा गाउँपालिका उपाध्यक्ष भइसकेपछि ननुकुमारीले अनुभव गर्ने मुख्य मुख्य परिवर्तनहरु के के हुन सक्छन् ?

उत्तर : मेरो विचारमा उनले गर्ने अनुभवमा नेतृत्व विकास, अधिकार तथा जिम्मेबारी बोध जस्ता परिवर्तन हुन सक्छन् ।

**यस आत्मकथालाई आधार मानेर तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क.	यस कथामा भूमिकाले कस्तो विभेदको सामना गर्नुँ पर्‍यो ?

उत्तर : उनले केटा भएर पनि केटीको व्यवहार देखाउने भनेर विभेदको सामना गर्नुँ पर्‍यो ।

ख.	भूमिकालाई विद्यालयमा पढ्ने वातावरण नहुनुको पछाडिका कारणहरु के हुन सक्छन् ?

उत्तर : उनको बानी व्यवहार विद्यालयमा भएका अन्य केटाहरु भन्दा फरक भएकाले उनलाई शिक्षक लगायत अरुले राम्रो नजरले नहेर्ने गरेकाले हुन सक्छ ।

ग.	भूमिकालाई आफ्नो सामुदायको हितमा काम गर्ने प्रेरणा कसरी प्राप्त भयो होला ? आफ्नो विचार लेख्नुहोस् ।

उत्तर : आफूले भोग्नुपरेको पीडा अरुले भोग्न नपरोस् भनेर उनलाई आफ्नो सामुदायको हितमा काम गर्ने प्रेरणा प्राप्त भयो होला ।

घ.	तपाईंको विचारमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमा हुने विभेद अन्त्यका लागि स्थानीय स्तरमा गर्न सकिने कुनै दुई ओटा कार्यहरु उल्लेख गर्नुहोस् ?

उत्तर : सबैलाई समान अवसर दिएर तथा सबै मानिस एकै हुन् भनेर चेतना अभिवृद्धिमार्फत ।

**तल बाँयातर्फ सात किसिमका अपाङ्गता राखिएको छ, यी अपाङ्गताका विशेषताहरू दायातर्फ राखिएको छ, अब बाँया तर्फको कुन अपाङ्गताको विशेषता दायाँसँग मिल्छ, दायाँतर्फ कोष्ठक नं दिनुहोस् ।**

| | |
|---|---|
| १. दृष्टिसम्बन्धी अपाङ्गता | (४) उमेर अनुसार बौद्धिक विकास नहुनु |
| २. श्रवणसम्बन्धी अपाङ्गता | (६) शरीरको कुनै अङ्गमा आएको समस्या |
| ३. दृष्टि श्रवण अपाङ्गता | (७) मस्तिष्कको समस्याले निम्त्याउने कठिनाइ |
| ४. बौद्धिक अपाङ्गता | (१) आँखाले राम्ररी काम गर्न नसक्नु |
| ५. अटिजमसम्बन्धी अपाङ्गतात्र | (५) जन्मजात नसा वा तन्तुको विकासमा समस्या |
| ६. शारीरिक अपाङ्गता | (२) कानले राम्ररी सुन्न नसक्ने अवस्था |
| ७. मानसिक अपाङ्गतात्र | (३) सुनाइ र हेराइ दुवै खालको समस्या हुनुलाई |

## स्व-मूल्याङ्कन क्रियाकलाप

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. नेपालमा धार्मिक रुपमा पहिलेदेखि नै तेस्रोलिङ्गी तथा समलिङ्गीको व्यवहारलाई सहज रुपमा स्वीकार गरिएको छ । ✓

ख. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुहमाथि हुने कुनै पनि दूव्यवहार तथा विभेदका बिरूद्ध कानुनी उपचारमा जान सकिन्छ । ✓

ग. उमेरअनुसार बौद्धिक विकास हुन नसक्नु सामन्य प्रक्रिया हो । ✗

घ. दुई अथवा सोभन्दा बढी अपाङ्गता एकै व्यक्तिमा भएकालाई द्बिअपाङ्गता भनिन्छ । ✗

ङ. अपाङ्गता भएकाहरुको अधिकार संरक्षण र प्रवर्धन गर्ने उद्देश्यले हरेक वर्ष डिसेम्बर ३ तारिकका दिन अपाङ्गता दिवस मनाइन्छ । ✓

च. लैङ्गिक तथा अपाङ्गताको सवालमा नेपालको संविधानले प्रस्ट रुपमा कुनै पनि विभेदलाई निषेध गरेको छ । ✓

पाठ ४


# सामाजिक विभेद र समाधान

के तपाईंको समाजमा अहिले पनि महिला र पुरूषका बिचमा भेदभाव छ ? के दलित तथा अन्य पिछडीएको समूहलाई विभेद तथा छुवाछुतको भावनाले हेरिन्छ ? के समाजमा अशक्त, वृद्धवृद्धा, विधवा, आर्थिक रुपले कमजोर व्यक्तिहरुलाई अझैपनि हेलाँको दृष्टिले हेरिन्छ ? हाम्रो समाजमा यस्ता धेरै वर्गहरु छन् जसले लामो समयदेखि सामजिक विभेद भोग्दै आएका छन् । हाम्रो समाज केही यस्ता व्यक्तिहरु पनि छन् जसले यस्ता सामाजिक विभेद तथा छुवाछुतको विरूद्ध अथवा अन्त्य गर्न आफ्नो पूरा समय खर्चेका छन् । यस पाठमा हामी सामजिक विभेदका विभिन्न पक्षहरु तथा व्यक्तिगत रुपमा सामाजिक विभेद अन्त्यका लागि भइरहेका प्रयासहरु बारे जानकार हुनेछौं ।

सर्वप्रथम सामजिक विभेदसँग सम्बन्धित एक सामाजिक कथाबाट पाठ सुरू गरौं

### पढौं र जानौं

**नीलम दिदीको सङ्घर्षको कथा**



छिमल गाँउको दलित बस्तीमा बस्ने नीलम दिदीका श्रीमान् कोरोनाका कारणले बितेपछि नीलम दिदीलाई ठुलो आपत आइलाग्यो । एकातिर घरमा कमाउने एकमात्र श्रीमान् बित्दा घर कसरी चलाउने भन्ने चिन्ता, अर्कातर्फ भर्खर विद्यालय जान थालेकी छोरी र ६ महिनाको छोरालाई कसरी हुर्काउने भन्ने पीर । फेरि गाँउलेले विधवा भनेर तिरस्कार गर्ने र दलितका नाममा गरिने विभेद त छँदै छ। श्रीमान् बितेर गएपछि नीलम दिदीले धेरै नै सङ्घर्ष गरेर आफ्नो बच्चाहरु हुर्काउन थालिन् । उनी ६ वर्षको बच्चालाई काखीमा नै च्यापेर अरुको घरमा काम गर्न जान्थिन् । अरुको घरमा काम गरेको थोरै पैसाले जेनोतेनो छाक टर्दै थियो । गाँउका मानिसहरु उनलाई नराम्रो नजरले हेर्थे र बेला बेलामा जिस्काउने गर्दथे । काम गर्ने ठाउँमा पनि उनी बारम्बार शोषणको सिकार हुनुपरेको थियो । एक दिन चौतारीमा गाँउका सदस्यहरु गफ गर्दै बसिरहेका थिए र नीलम दिदी आफ्नी छोरीलाई विद्यालय पुऱ्याउन छोरालाई काखीमा राखेर त्यही बाटो जाँदै थिइन् । नीलम दिदीलाई देखेपछि समाजमा आफूलाई ठुला भन्ने मानिसहरुले ऊ हेर त, यसले त आफ्नो श्रीमान् पनि खाई, अब अरुको घरमा काम गर्छे कस्तो लाज नभएको भनेर कुरा काट्न थाले ।



सबै गतिविधि देखिरहेका वडा अध्यक्ष राम प्रसाद अधिकारीले हामीले त्यसरी भन्नु हुँदैन भनेर गाँउलेलाई सम्झाउन थाले, “हरेक व्यक्तिको समाजमा त्यति बराबर हक हुन्छ, कोही मान्छे पनि चाहेर गरिब, विधवा वा कमजोर हुँदैन, यो त सबै समय परिस्थितिको खेल हो ।” आज नीलमले भोगेको घटना भोलि हाम्रो घरमा पनि घट्न सक्ने भन्दै समाजमा बहिस्कार होइन समाजले सबैलाई समेट्नुपर्ने कुरा बताए । उनले हाम्रो समाज पछाडि पर्नँको मुख्य कारण नै लामो समयदेखि चलिआएको सामाजिक विभेद हो जसले गर्दा समाजका निश्चित वर्ग सधैं पछाडि परेका छन् भनेर सम्झाए । सामजिक विभेदको कारणले गर्दा अझै पनि समाजमा पछि परेको वर्गले विभिन्न समस्या भोग्नुपरेको भन्ने कुरा उल्लेख गरे । उनले सामजिक विभेद अन्त्य गर्नँ नै असल नागरिकको कर्तव्य हो भनेर सबैलाई सम्झाए । उनले नीलम दिदी मात्र होइन समाजका हरेक पछाडि परेका वर्गलाई विभेद नगरी समाजमा पूर्ण रुपमा सहभागी हुन सक्षम बनाउनुपर्दछ र यस्तो कार्यबाटमात्र समाजमा सबै मानिसहरु खुसीले बाँच्न सक्छन् भन्ने कुरा बताए । यो सुनेर सबै गाउँलेहरुले वडा अध्यक्षलाई धन्यवाद दिएर अब सबैलाई समान व्यवहार गर्ने वचन दिए । गाउँलेको साथ पाए पछि हाल नीलम दिदी गाउँकै विद्यालयमा सहयोगी भएर काम गर्दै आफ्ना छोरा छोरीलाई राम्ररी हुर्काउने कोसिस गर्दै छिन् ।



## अभ्यास क्रियाकलाप

**अब तलका प्रश्नहरूको उत्तर दिऊँ ।**

क. यस कथामा नीलम दिदीलाई समाजले विभेद गर्नँको मुख्य कारण के होला ?

उत्तर : ..................................................................................................................................

..................................................................................................................................

ख. सामजिक विभेद अन्त्य गर्न के गर्नपर्छ ?

उत्तर : ..........................................................................................................................

..........................................................................................................................

ग. सामाजिक विभेद अन्त्य हुदाँ हुने फाइदाहरु के हुन सक्छन् ?

उत्तर : ..........................................................................................................................

..........................................................................................................................

घ. समावेशिता कायम गर्न समाजमा के हुनुपर्छ ?

उत्तर : ..........................................................................................................................

..........................................................................................................................

ङ. सामाजिक विभेद अन्त्य गर्न तथा समावेशिता कायम गर्न वडा अध्यक्षले कस्तो भूमिका निर्वाह गरेका छन् ?

उत्तर : ..........................................................................................................................

..........................................................................................................................



## अनुभवमा आधारित क्रियाकलाप

तपाईंको समाज वा सामुदायमा हुने गरेका वा भएका विभेदका घटनाहरुमा तपाईं वा तपाईंको परिवारले के कस्ता भूमिका खेल्नुभएको छ वा खेल्न सक्नुहुन्छ बुदाँगत रुपमा उल्लेख गर्नहोस् ।

१. ..........................................................................................................................

..........................................................................................................................

२. ..........................................................................................................................

..........................................................................................................................

३. ..........................................................................................................................

..........................................................................................................................

४. ........................................................................................................................................................

........................................................................................................................................................

५. ........................................................................................................................................................

........................................................................................................................................................

माथिको घटनामा सुरूमा सामाजिक बहिष्करणको उदाहरणलाई प्रस्तुत गरिएको छ । सामाजिक बहिष्करणले वा विभेदले व्यक्तिहरुलाई उनीहरुको समाज र सामुदायहरुले सही पहिचान, ध्यान र सहयोग नगरेको परिस्थितिहरुलाई जनाउँछ । सामाजिक बहिष्करण वा विभेद धेरै कारणले हुन सक्छ, जसमध्ये केही व्यक्तिको (वा मानिसहरुको समूह) सामाजिक वा आर्थिक परिस्थिति, जातजाति, धर्म तथा लिङ्गप्रतिको परम्परागत सोच नै मुख्य हुन् ।



## अन्तरक्रियात्मक क्रियाकलाप

तलको तालिकामा सामजिक बहिस्कार वा भेदभाव हुने कारणहरु देखाइएको छ, यी कुराहरु हटाउन समाजमा के गर्न सकिन्छ सहपाठी अन्तर्क्रिया गर्नुहोस् र उदाहरणमा दिएको जस्तोगरी तालिकामा भर्नुहोस् ।


| सामाजिक बहिस्कार वा भेदभाव हुने कारणहरू | निराकरणका उपायहरू |
|---|---|
| बेरोजगारी | रोजगारीका अवसर प्रदान गरेर जीवनस्तर माथि उठाउने |
| गरिबी | |
| | |
| | |
| | |
| | |
| अशिक्षा | |
| | |
| | |
| | |
| | |

| | |
|---|---|
| जातीय आधार | |
| महिला माथिको परम्परागत सोचाई | |
| यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकप्रति समाजको सोचाइ | |

**सामाजिक विभेद अन्त्यका निमित्त विभिन्न व्यक्तिहरूले आफ्नो ठाउँबाट उल्लेख्य योगदान गरेका छन्, यस खण्डमा हामी त्यस्ता केही व्यक्तिहरू बारे चर्चा गर्नेछौँ जसले सामाजिक विभेद अन्त्यका निमित्त विशेष योगदान पुऱ्याएका छन् ।**

### पढौँ र मनन गरौँ

**उमादेवी बादी**




उमादेवी बादी एक मानवअधिकारकर्मी र स्थपित स्थानीय राजनीतिकर्मी हुन् । उनी सुदूरपश्चिममा प्रदेश सभा सदस्य पनि भइसकेकी छन् । उनले वादी आन्दोलनको पनि नेतृत्व गर्दै आएकी छिन् । जसअन्तर्गत उनले छुवाछुत र वेश्यावृत्तिको अन्त्यका साथै नागरिकता र जग्गाको स्वामित्वका मुद्दा लगायत सामुदायिक अधिकारको मान्यताका लागि सक्रिय रुपमा आन्दोलन गर्दै आएकी छन् । सल्यान जिल्लाको थापागाउँमा जन्मिएर हुर्केकी उमाले सबै प्रकारका विभेद अन्त्यका लागि काम गर्ने दृढ सङ्कल्प थिइन् । उमाले नेपालको पुरातन प्रणाली जहाँ बादी लगायत सामुदायलाई घृणाका दृष्टिले हेरिन्थ्यो, त्यो सोचमा परिवर्तन गरी बादी सामुदायका मानिसहरुलाई राम्रो जीवनयापन दिन काम गरिरहेकी छिन् ।

वादीका छोराछोरीहरुले दिनहुँ भोगिरहेको पीडाले उमादेवीलाई पोल्थ्यो । उनले जिल्लामा बसेर वादी समुदायको माग पुरा नहुने ठानिन् । सिंह दरबारलाई नै घच्घच्याउने अठोटसहित २०६४ असार महिना राजधानी काठमाडौँ लागिन् ।

वादी समुदायको हकहित, अधिकार र पुनस्स्थापनाका लागि उनले सरकार समक्ष २६ ओटा माग राखेकी थिइन् । बादी समुदायको पुनस्स्थापना, निःशुल्क औषधी उपचार, आमाको नामबाट जन्मदर्ता, नागरिकता र विवाह दर्ता, यौन शोषणमा परेका वादी महिलाहरुलाई आत्मसम्मानसहितको स्वरोजगार र स्थायी बसोबासको ग्यारेण्टी गर्नपर्ने उनको माग थियो । तर उनका माग सुनुवाइका लागि सरकार गम्भीर देखिएन । अन्ततः उनले सिंह दरबारको गेटमा अर्धनग्न प्रदर्शन गरिन् ।

यस घटनापछि सञ्चारमाध्यममा उनको आन्दोलनले महत्त्व पायो । त्यसपछि मात्र सरकारको ध्यानाकर्षण भयो । सरकारले उनलाई वार्ताका लागि बोलायो । सरकारले बादी समुदायका माग पूरा गर्ने घोषणा गऱ्यो । वादी सङ्घर्ष समितिसँग सरकारको दुई बुँदे सहमति भयो । पहिलो थियो, बादी समुदायका बच्चाहरुको भरण पोषणसहितको उच्च शिक्षाको ग्यारेन्टी गर्ने । दोस्रो थियो, वादी समुदायको निःशुल्क औषधी उपचारसहित पुनस्स्थापना गर्ने । जसको फलस्वरुप जनता आवास कार्यक्रम सुरू भयो । वादी परिवारले पक्की घरमा बस्न पाए । बादीका सन्तानहरुले निःशुल्क पढ्न पाउन थाले । आमाको नामबाट नागरिकता पाउने व्यवस्था सुरू भयो । यो सबै उमादेवी बादीको सङ्घर्षबाट प्राप्त सफलता हो ।

## विष्णुमाया परियार



गोर्खा जिल्लाको गरिब परिवारमा जन्मेकी विष्णुमाया आफ्नो बाआमाका एघार सन्तानमध्ये एक हुन् । उसै त गरिबको झुपडी त्यसमाथि दर्जन हाराहारी केटाकेटी भएको घरको दुरवस्था थियो । यस्तो अवस्थामा पनि आफ्नो योजनामा अनवरत रुपमा लागिरहिन् । सामाजिक अव्यवस्था विरूद्ध लड्नैपर्छ, पढेपछि मात्रै केही हुन्छ भन्ने अन्तर्प्रेरणाले विष्णुमाया पढाइमा तल्लीन रहिन् ।

उनी सानैदेखि सामाजिक कार्यमा सक्रिय रहेकी थिइन् । १० वर्षकी हुँदा साथीभाइसँग खेल्दा पनि भेदभाव हुन्थ्यो । उनीहरु उनको घरभित्र पस्न सक्थे तर उनी दलित भएकाले घरभित्र पस्न सकिनन् । त्यस अनुभवले उनलाई निकै सतायो । जसले गर्दा उनलाई सामजिक विभेद विरूद्ध काम गर्ने अठोट पलायो ।

उनले माध्यमिक तहको अध्ययन गोर्खामा सकाएर उच्च शिक्षाका लागि छात्रवृत्ति पाइन् । उनी अमेरिका गइन् । उनले नेपाल र अमेरिकामा बसेर सामाजिक सेवा महिला अधिकार, महिला हिंसा, लैङ्गिक हिंसा र विभेदका अनेक रुपका विरूद्ध आफूलाई क्रियाशील राखेकी छन् ।

डा. परियारले सन् १९९६ देखि नेपालको ग्रामीण सीमान्तकृत र दलित महिला र बालबालिकाका लागि अथक प्रयास गरिरहेकी छिन् । उनले आडविन नामक संस्थाको सह-स्थापना गरेकी थिइन्, जसले मानवअधिकार, महिला बालबालिका र दलित पिछिडएका सीमान्तकृत, किनारमा पारिएका, पिँधमा रहेका वर्गको उत्थान, हक अधिकारको लागि निरन्तर रुपमा कार्य गर्दै आएको छ ।

उनको संस्थाले १३ हजारभन्दा बढी नेपाली बालबालिकालाई विद्यालय जान र ९७ भन्दा बढी किसोरीहरुलाई कलेज जान मद्दत गरेको छ । उनको संस्थामा नेपालका सात जिल्लामा ६४ महिला समूह छन् र यसले हजारौँ

महिलाहरुलाई आर्थिक, शैक्षिक र सामाजिक रुपमा सशक्तीकरण गर्दै सहयोग गर्दै आएको छ । उनीहरु अहिले परिवर्तनका संवाहक बनेका छन् । उनको संस्थाले भूकम्प पीडित परिवारलाई गोर्खामा झन्डै चार सय घर निर्माण गरी हस्तान्तरण गरेको छ । त्यसैगरी विभिन्न ६ जिल्लामा समूह बनाएर पुँजी निर्माण, सिप विकास र कृषि उद्यम मार्फत दलित महिला र सीमान्तकृत वर्गका लागि कार्यक्रम बनाएर उनीहरुको सिप तथा आर्थिक विकासमा सहयोग गरेकी छन् ।

सामाजिक कार्यकर्ता तथा महिला अधिकारकर्मी डा विष्णुमाया परियार सशक्त दलित महिला नेपाल, बोस्टनको संस्थापक तथा गैह्रआवासीय नेपाली सङ्घकी महिला सशक्तीकरण विभागकी सभापति पनि हुन् । उनको विषयमा हाल अमेरिकाको विश्वविद्यालयमा पढाइ हुने गर्छ ।

**माथिका दुई जना महिला सामाजिक अभियन्ताको जीवनी पढसकेपछि तलको तालिकामा उपयुक्त जानकारीहरू भर्नुहोस् ।**

| नाम | कुन सामाजिक विभेद विरुद्ध कार्य गरेको | सामजिक विभेद अन्त्यका लागि गरिएका कामहरू |
|---|---|---|
| उमादेवी बादी | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| विष्णु माया परियार | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**उमादेवी बादी र विष्णुमाया परियार जस्तै हाम्रो समाज यस्ता थुप्रै अभियन्ताहरू छन् जसले सामाजिक विभेद अन्त्यका लागि आफ्नो व्यक्तिगत योगदान पुऱ्याएका छन् । आफ्नो परिवार, साथीभाई अथवा अग्रजहरूको सहयोग आफ्नो स्थानीय रूपमा सामाजिक विभेदमा कार्य गरिरहेका कुनै एक व्यक्तिको पहिचान गर्नुहोस् । सम्भव भएमा उक्त व्यक्तिलाई प्रत्यक्ष भेट्नुहोस् अथवा फोन अथवा अन्य कुनै माध्यमबाट सम्पर्क गरी सामाजिक विभेद अन्त्यमा व्यक्तिगत रूपमा भइरहेको प्रयासहरू बारे जानकारी प्राप्त गर्नुहोस् तल प्रस्तुत गर्नुहोस् ।**

व्यक्तिको नाम : ..........................................................

कुन सामाजिक विरूद्ध कार्य गरेको : ..........................................................

सामाजिक विभेदका विरूद्ध गरिएका मुख्य प्रयास तथा कार्यहरु

१. ..........................................................................................................................

..........................................................................................................................

२. ..........................................................................................................................

..........................................................................................................................

३. ..........................................................................................................................

..........................................................................................................................

४. ..........................................................................................................................

..........................................................................................................................

५. ..........................................................................................................................

..........................................................................................................................

**माथि प्राप्त जानकारीहरूको आधारमा तपाईंले पहिचान गर्नुभएको सामाजिक अभियन्ताको बारेमा छोटकरीमा जीवनी तयार पार्नुहोस् र आफ्नो परिवार वा साथीलाई सुनाउनुहोस । जीवनी लेख्न उदाहरणका रूपमा माथिका दुई अथवा इन्टरनेट र अन्य पुस्तकमा भएका जीवनीहरूलाई प्रयोग गर्न सक्नुहुने छ ।**

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

## के तपाईंलाई थाहा छ ?

१. नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

२. महिला बिरूद्ध हुने भेदभाव तथा हिँसा जस्ता जघन्य अपराधलाई राज्यले कानुनद्वारा दण्डनीय बनाएको छ ।

३. नेपालको संविधान २०७२ को प्रस्तावना तथा शोषणविरूद्धको हक धारा (२९) को उपधारा (१) ले प्रत्येक व्यक्तिलाई शोषणविरूद्धको हक प्रदान गरेको छ।

४. यस्तैगरी उपधारा (२) ले धर्म, प्रथा, परम्परा, संस्कार र प्रचलन वा अन्य कुनै पनि आधारमा कुनै पनि व्यक्तिलाई शोषण गर्न पाइने छैन भनी स्पष्टरुपमा व्याख्या गरेर हरेक व्यक्तिले हिंसामुक्त सम्मानित जीवन यापन गर्न पाउने अधिकार सुनिश्चित गरेको छ।

५. संविधानमा विभेद अन्त्य तथा लैंगिक समानताका लागि मौलिक अधिकारहरुको व्यवस्था गरिएको छ ।

## यस पाठमा सम्झनुपर्ने मुख्य बुँदाहरू

» हाम्रो समाज पछाडि पर्नको मुख्य कारण नै लामो समयदेखि चलिआएको सामाजिक विभेद हो जसले गर्दा समाजका निश्चित वर्ग सधैँ पछाडि परेका छन् ।

» सामजिक विभेद अन्त्य गर्नु नै असल नागरिकको कर्तव्य हो ।

» समाजका पछाडि परेका हरेक वर्गलाई विभेद नगरी समाजमा पूर्ण रुपमा सहभागी हुन सक्षम बनाउनुपर्दछ र यस्तो कार्यबाट मात्र समाजमा सबै मानिसहरु खुसीले बाँच्न सक्छन् ।

» सामाजिक बहिष्करणले वा विभेदले व्यक्तिहरुलाई उनीहरुको समाज र सामुदायले सही पहिचान, ध्यान र सहयोग नगरेको परिस्थितिहरुलाई जनाउँछ ।

» सामाजिक बहिष्करण वा विभेद हुनुका मुख्य कारण केही व्यक्तिको वा समूहको सामाजिक वा आर्थिक परिस्थिति, जातजाति, धर्म तथा लिङ्गप्रतिको परम्परागत सोच हुन् ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. सामजिक समवेशिता कायम राख्न हरेक वर्गका मानिसहरुको आवाज सुन्नुपर्छ र उनीहरुलाई महत्त्व दिनुपर्छ । [ ]

ख. सामजिक विभेदले हाम्रो समाजलाई थप पछाडि धकेल्न मद्दत गर्दछ । [ ]

ग. समाजमा पछि परेका हरेक सामुदायलाई सामजिक निर्णय प्रक्रियामा सामेल गराउनु महत्त्वपूर्ण हुँदैन । ☐

घ. सामजिक विभेद अथवा बहिस्करण गर्नंका पछाडिको एक कारण हामीमा भएको परम्परागत सोच नै हो । ☐

ङ. समाजमा पछि परेको वर्गलाई सहयोग नगर्नं तथा विकास निर्माणबाट टाढा राख्नुले उनीहरुको जीवनमा सकरात्मक परिवर्तन ल्याउँछ । ☐

## पृष्ठपोषण

**अब तलका प्रश्नहरूको उत्तर दिऊँ ।**

क. यस कथामा नीलम दिदीलाई समाजले विभेद गर्नंको मुख्य कारण के होला ?

उत्तर : उनी महिला पनि भएको र त्यसमा पनि विधवा भएकाले होला ।

ख. सामजिक विभेद अन्त्य गर्न के गर्नंपर्छ ?

उत्तर : समाजका पछाडि परेका हरेक वर्गलाई विभेद नगरी समाजमा पूर्ण रुपमा सहभागी हुन सक्षम बनाउनुपर्दछ ।

ग. सामाजिक विभेद अन्त्य हुँदा हुने फाइदाहरु के हुन सक्छन् ?

उत्तर : समाजमा सबैले समान अवसर पाउन सक्छन् र सबैले खुसी साथ बाँच्न सक्छन् ।

घ. समावेशिता कायम गर्न समाजमा के हुनुपर्छ ?

उत्तर : सबैलाई समान व्यवहार, अवसर दिनुपर्छ र हरेक वर्गलाई समाजको हरेक क्षेत्रमा सहभागी बनाउनुपर्छ ।

ङ. सामाजिक विभेद अन्त्य गर्न तथा समावेशिता कायम गर्न वडा अध्यक्षले कस्तो भूमिका निर्वाह गरेका छन् ?

उत्तर : उनले एकदम सकारात्मक तथा सहयोगी भूमिका खेलेका छन् ।

**माथिका दुई जना महिला सामाजिक अभियन्ताको जीवनी पढिसकेपछि तलको तालिकामा उपयुक्त जानकारीहरू भर्नंहोस्**

| नाम | कुन सामाजिक विभेद विरुद्ध कार्य गरेको | सामजिक विभेद अन्त्यका लागि गरिएका कामहरू |
|---|---|---|
| उमादेवी बादी | बादी सामूदाय विरूद्ध हुने विभेद | उनीहरुको हकहितका लागि सरकार विरूद्ध आन्दोलन, महिला तथा लैङ्गिक हिँसा विरूद्ध आन्दोलन |
| विष्णुमाया परियार | महिला, दलित तथा बालबालिका विरूद्ध हुने विभेद | सिप विकासमार्फत उद्यमशीलता, शिक्षामा पहुँच, आवासमा पहुँच आदि |

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. सामजिक समवेशिता कायम राख्न हरेक वर्गका मानिसहरुको आबाज सुन्नुपर्छ र उनीहरुलाई महत्त्व दिनुपर्छ । ✓

ख. सामजिक विभेदले हाम्रो समाजलाई थप पछाडि धकेल्न मद्दत गर्दछ । ✗

ग. समाजमा पछि परेका हरेक सामुदायलाई सामजिक निर्णय प्रक्रियामा सामेल गराउनु महत्त्वपूर्ण हुँदैन । ✗

घ. सामजिक विभेद अथवा बहिस्करण गर्नका पछाडिको एक कारण हामीमा भएको परम्परागत सोच नै हो । ✓

ङ. समाजमा पछि परेको वर्गलाई सहयोग नगर्नं तथा विकास निर्माणबाट टाढा राख्नुले उनीहरुको जीवनमा सकरात्मक परिवर्तन ल्याउँछ । ✗

## पृष्ठपोषण

## पूर्व सिकाई परिक्षण

**सहि उत्तरमा (✓) चिह्न लगाउनुहोस्**

१. मानव अधिकार भित्र के कुरा पर्दछ ?

क. आर्थिक अधिकार

ख. सामाजिक तथा सांस्कृतिक अधिकार

ग. नागरिक तथा राजनीतिक अधिकार

घ. माथिका सबै ✓

२. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भन्नाले के बुझिन्छ ?

क. सामजिक तथा आर्थिक रुपले पिछिडएको जाति

ख. महिला तथा पुरूषलाई दुबैलाई बुझाउने समूह

ग. महिला तथा पुरूषको खास पहिचानभन्दा फरक विशेषता भएको वर्ग ✓

घ. हेर्दा महिला र पुरूषभन्दा फरक देखिने समूह

३. अपाङ्गताभित्र तल दिइएका के कुरा पर्दछ ?

क. सुनाइसम्बन्धी समस्या भएको

ख. स्वर र बोलाइसम्बन्धी समस्या हुनु

ग. आँखासम्बन्धी समस्याले निम्त्याउने कठिनाइ

घ. माथिका सबै ✓

४. सामाजिक समावेशिताले तलका मध्ये के कुरा जनाउँछ ?

क. समाजका हरेक वर्गलाई हरेक सामाजिक सवालहरुमा सहभागिता गर्नु ✓

ख. समाजका खास वर्गलाई उचित अवसर दिनु

ग. समाजका सक्षम वर्गलाई आर्थिक तथा सामाजिक मुद्दामा अघि बढाउनु

घ. माथिको कुनै पनि होइन

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

१. मानव अधिकार भित्र मानिस भएर जन्मेपछि बाँच्नका लागि आवश्यक कुराहरु पूरा गर्न आवश्यक पर्ने अधिकारहरु पर्दछन् । ✓

२. मानव अधिकारको संरक्षणमा नेपालको संविधानले संवैधानिक आयोगको व्यवस्था तथा संविधानमा प्रस्ट रुपमा व्याख्या गरेको छ । ✓

३. महिला पुरूषले फरक फरक क्षेत्रको काम गर्नपर्छ भन्ने धारणाले लैङ्गिक समानता जनाउँछ । ह

४. कुनै पनि व्यक्तिले आफूले चाहेको लिङ्ग धारण गर्नु उसको व्यक्तिगत अधिकार हो । ✓

५. समाजका हरेक वर्गलाई निर्णय प्रक्रिया तथा विकासका सवालहरुमा आबद्ध गर्नु आवश्यक छैन । ह

६. पूर्ण अशक्त अपाङ्गतालाई सेतो परिचय पत्र दिइन्छ । ✗

७. निलो रङको परिचयपत्र भएका अपाङ्गले मासिक सुरक्षा भत्ता पाउँछन् । ✓

८. नेपालको संविधानले राष्ट्रिय सभामा अपाङ्गताको प्रतिनिधित्व सुनिश्चित गरेको छ । ✓

९. सामजिक समावेशिताले समाजका सिमित वर्गलाई अवसर दिनुपर्छ भन्ने कुराको वकालत गर्छ । ✗

१०. हामीले बनाउने नीति तथा कार्यक्रमहरु हरेक वर्ग र क्षेत्र लक्षित हुनुपर्छ । ✓

११. नेपालमा छुट्टै सामवेशी आयोगको व्यवस्था गरिएको छ । ✓

१२. समावेशिता कायम राख्न निश्चित वर्गलाई मात्र अवसर दिनुपर्छ र अगाडि बढाउनुपर्छ । ✗

तह

२

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन, जगत र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री